
स्वर्गद्वारी नगरपालिकाको स्थानीय पाठ्यक्रम-२०८१

आधारभूत शिक्षा कक्षा (१-५)

परीक्षणको लागि



स्वर्गद्वारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा

भिंग्री, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल
Email: swargadwarimunicipality01@ gmail.com

स्वर्गद्वारी नगरपालिकाको स्थानीय पाठ्यक्रम
२०८१
आधारभूत शिक्षा कक्षा (१-५)
परीक्षणको लागि





स्वर्गद्वारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
भिंग्री, प्यूठान

सल्लाहकार

श्री टेक प्रसाद भण्डारी	-	नगर प्रमुख
श्री मिनराज रानामगर	-	नगर उपप्रमुख
श्री भोज बहादुर भण्डारी	-	प्रमुख प्रशासकीय अधिकृत

पाठ्यक्रम निर्माण कार्यदल

श्री गिर बहादुर घर्ती मगर	-	संयोजक
श्री बल बहादुर रोकाय	-	सदस्य
श्री डा. मधुसुदन ढुङ्गाना	-	सदस्य
श्री यमराज शर्मा	-	सदस्य
श्री लेखराज कालाथोकी	-	सदस्य
श्री श्रृजना पण्डित	-	सदस्य
श्री गंगा शर्मा	-	सदस्य
श्री राम बहादुर रोकाय	-	सदस्य
श्री भक्त बहादुर बुढाथोकी	-	सदस्य
श्री प्रेम बहादुर जि.सी	-	सदस्य सचिव

विज्ञ श्री महेन्द्र पराजुली उपसचिव
श्री कर्ण वहादुर पुन मगर अधिकृत

स्थानीय पाठ्यक्रमका सन्दर्भमा दुई शब्द

शिक्षा विकास र समृद्धिको वाहक हो। मर्यादित र परिस्कृत जीवनको आधार समेत हो। समयानुकुल गुणस्तरीय शिक्षाका माध्यमले विश्व प्रतिस्पर्धी नागरिक (Global Competent Citizen) तयार पार्नुपर्ने हुन्छ। २१ औं शताब्दीको सूचना सञ्चार प्रविधिको द्रुत तर विकासलाई पछ्याउदै वर्तमान कृत्रिम बौद्धिकता (Artificial Intelligence) लाई शिक्षा प्रणालीले सम्बोधन गर्नु एकातर्फ छँदैछ अर्कोतिर हाम्रा प्राचीन संस्कार, संस्कृति, समाज, मूल्यमान्यता, पुरातात्विक एवं ऐतिहासिक महत्त्वका विषयवस्तुलाई नयाँ पुस्तामा पुस्तान्तरण, संरक्षण र संवर्धनको जरुरी समेत महसुस भई रहेको छ। यसै सन्दर्भमा Think Globally Act Locally को मान्यता बमोजिम केन्द्रीय पाठ्यक्रमले सम्बोधन गर्न नसकेका हाम्रा पहिचान मौलिकपन बोकेका विषयवस्तुलाई समेटेर परीक्षणको रूपमा कक्षा(१-५) मा **हाम्रो स्वर्गद्वारी** स्थानीय पाठ्यक्रम तयार गर्ने जमर्को गरेका छौ।

हाम्रो स्वर्गद्वारी स्थानीय पाठ्यक्रममा देशको परिवर्तित शासकीय सन्दर्भमा स्थानीय सरकारको रूपमा रहेको हाम्रो स्वर्गद्वारी नगरपालिका र शासकीय प्रणाली हाम्रो गौरव स्वर्गद्वारी मन्दिर, समाज र संस्कृति, मानव मूल्य र शिक्षा, स्वास्थ्य, पोषण, सरसफाइ, परम्परागतसँगै आधुनिक सूचना प्रविधिको परिचय र उपयोग नगरक्षेत्रका मुख्य आर्थिक क्रियाकलापहरू ऐतिहासिक एवम् पर्यटकिय स्थलहरू, यातायात र भौतिक पूर्वाधार, विपद् व्यवस्थापन तथा जोखिम न्यूनीकरण लगायतका समसामयिक विषयवस्तुहरूलाई समेटेर यो पाठ्यक्रम तयार पारिएको छ। स्थानीय प्राकृतिक, साँस्कृतिक, आर्थिक तथा श्रम, सीप, पेसा, व्यवसाय, व्यवहार कुशल सीप विकास गर्ने गरी स्वर्गद्वारी नगरपालिकाले आधारभूत तह (कक्षा १-५) को स्थानीय पाठ्यक्रम परीक्षणको रूपमा आगामी शैक्षिक सत्र २०८१ देखि कार्यान्वयनमा लैजाने तयारी गरेको छ।

अन्तमा पाठ्यक्रमलाई सान्दर्भिक विषयवस्तुसँग जोडेर कक्षाकोठामा पुऱ्याउने र कार्यान्वयनमा लैजाने प्रमुख जिम्मेवारी शिक्षकहरूकै रहने भएकोले सबै शिक्षक साथीहरूलाई यसको मर्म अनुरुप कार्यान्वयनमा लैजान अनुरोध गर्दछु। सरोकारवालाको प्रत्यक्ष सहभागिताबाटै निर्माण भएको यो पाठ्यक्रम तयार गर्न खटिनुहुने नगर उपप्रमुख, सामाजिक विकास समितिका संयोजक, कार्यपालिकाका सदस्यहरू, कर्मचारीहरू, पाठ्यक्रम निर्माण कार्यदलका सदस्यहरू, लगायत सबैलाई धन्यवाद व्यक्त गर्दछु। स्थानीय सरकारको रूपमा स्वर्गद्वारी नगरपालिका स्थापना पश्चात् यो पहिलो प्रयास भएकोले सरोकारवालाको सकारात्मक सुझाव, सहयोग तथा योगदानको लागि सबैमा अपेक्षा एवम् अनुरोध गर्दछु।

टेक प्रसाद भण्डारी
नगर प्रमुख
स्वर्गद्वारी नगरपालिका

विषय सूची

खण्ड "क"

क्र.स.	विषयवस्तु	पृष्ठ सङ्ख्या
१.	परिचय	
२.	शिक्षाको राष्ट्रिय उद्देश्य	
३.	विद्यालय शिक्षाको तहगत संरचना	
४.	विद्यालय शिक्षाको पाठ्यक्रम संरचना	

खण्ड "ख"

हाम्रो स्वर्गद्वारी स्थानीय पाठ्यक्रम

१.	पृष्ठभूमि	
२.	परिचय	
३.	आवश्यकता र औचित्यता	
४.	तहगत सक्षमता	
५.	हाम्रो स्वर्गद्वारी स्थानीय पाठ्यक्रम क्षेत्र र ढाँचा	
६.	स्थानीय पाठ्यक्रमको क्षेत्र र क्रम तालिका	
७.	कक्षागत सिकाइ उपलब्धिको विस्तृतीकरण(कक्षा १- ५)	

खण्ड "ग"

शिक्षण सिकाइ विधि विद्यार्थी मूल्याङ्कन

१.	शिक्षण सिकाइ विधि र समय निर्धारण	
२.	विद्यार्थी मूल्याङ्कन	
३.	विद्यार्थी मूल्याङ्कनका सामान्य तरिका तथा साधनहरू	
४.	विद्यार्थी उपलब्धिस्तर र त्यसको सामान्य व्याख्या	
५ .	पाठ्यक्रम परीक्षण तथा कार्यान्वयन योजना	

खण्ड "घ"

१.	सन्दर्भ सामग्रीहरू	
२.	पाठ्यक्रम निर्माण कार्यदल	

स्थानीय पाठ्यक्रमको परिचय

१. सन्दर्भ

शिक्षाको राष्ट्रिय नीति तथा राष्ट्रिय पाठ्यक्रम प्रारुपको मार्गदर्शन गरेको लक्ष्य, उद्देश्य तथा प्रक्रिया अनुरुप शिक्षा पद्धतिको संचालनको मूल आधारको रूपमा पाठ्यक्रम रहेको हुन्छ। पाठ्यक्रमलाई बालबालिकाहरूको सर्वाङ्गीण विकास (Wholistic Development) गराउने महत्त्वपूर्ण र शैक्षिक कार्यक्रमलाई नेतृत्व प्रदान गर्ने गतिशील विस्तृत दस्तावेज (Living Documents) को रूपमा लिइन्छ। यसका माध्यमबाट शिक्षाका लक्ष्यहरू हासिल हुने गर्दछन्। विद्यालयद्वारा बालबालिकाहरूलाई प्रदान गरिने ज्ञान, सीप, अभिवृद्धि तथा सम्पूर्ण अनुभवहरू व्यवस्थित गरिएको हुन्छ। पाठ्यक्रमले निश्चित कक्षा वा तहको अध्ययन पुरा गरेपछि विद्यार्थीहरूले हासिल गर्ने सक्षमता र ती सक्षमतालाई हासिल गर्नका लागि विषयगत रूपमा प्राप्त गर्नु पर्ने सिकाइ उपलब्धि प्राप्तिका लागि मार्गदर्शन गर्दछ।

स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन, २०७६ अनुसार "**स्थानीय सरोकारवालाको सहभागितामा स्थानीय आवश्यकता अनुसार विषयवस्तु समावेश गरी निर्माण र कार्यान्वयन हुने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो।**" गुरुकुल शिक्षा देखि नै स्थानीय पाठ्य सामाग्रीमा जोड दिइएको इतिहासमा उल्लेख भए पनि रा.शि.प.यो. २०२८ कार्यान्वयनसँगै देशैभरी एकै किसिमको पाठ्यक्रमको थालनी भएको पाइन्छ। नेपालमा प्राथमिक शिक्षा पाठ्यक्रम २०४९ ले पहिलो पटक स्थानीय विषय वा मातृभाषामध्ये कुनै एक विषय राख्न पाउने नीतिगत प्रावधान राखेसँगै स्थानीय पाठ्यक्रमको विकास हुदै आएको हो। आधारभूत तहमा कक्षा १-३ मा साप्ताहिक ५ पाठ्यघण्टाका दरले वार्षिक १६० पाठ्यघण्टाको मातृ भाषिक सीप/स्थानीय विषय वस्तु सम्बन्धी क्रियाकलाप र कक्षा ४-८ मा साप्ताहिक ४ पाठ्यघण्टाको दरले वार्षिक १२८ घण्टाको मातृभाषा/स्थानीय विषय समावेश गरिएको छ। पाठ्यक्रममा स्थानीय अंशका रूपमा सामाजिक अध्ययन, सिर्जनात्मक कला र शारीरिक शिक्षा विषयको २० प्रतिशत पाठ्यभारको पाठ्यक्रम र पाठ्यसामग्री विद्यालय आफैंले निर्माण गर्न सक्ने छन्। यस्तो पाठ्यक्रममा सामाजिक अध्ययनका लागि ३२ घण्टी, सिर्जनात्मक कलाका लागि १९ घण्टी र शारीरिक शिक्षाका लागि १२ घण्टी निर्धारण गरिएको छ। वि.सं.२०६१ देखि वि. सं. २०६६ सम्म कक्षा १-५ को पाठ्यक्रम परीक्षण गर्ने क्रममा देशका १० जिल्लाका ५० विद्यालयमा स्थानीय पाठ्यक्रम विकास गरिएको पाइन्छ। संघीयतापछि स्थानीय पाठ्यक्रमलाई स्थानीय सरकारले आफ्नो पहिचानको रूपमा विकास गर्दै अभ्यास गरेको पाइन्छ।

२. स्थानीय पाठ्यक्रमको विश्व सन्दर्भ

- इन्डोनेसियामा २० प्रतिशत भार बराबर स्थानीय विषयलाई छुट्याईएको पाइन्छ। शिक्षा नीतिमा नै

स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रमको व्यवस्था गरिएको छ।

- जापानमा प्रत्येक विद्यालयले छुट्टै शैक्षिक योजना निर्माण गर्न पाउने व्यवस्था छ।
- लाओसमा २० प्रतिशत पाठ्यभार स्थानीय पाठ्यक्रमलाई छुट्याईएको छ। यसका लागि कृषि, वृक्षारोपण, वनविज्ञान, हस्तकला जस्ता विषय स्थानीय विषयका रूपमा पठनपाठन गरेको देखिन्छ।
- मङ्गोलियामा केन्द्रबाट निर्धारित र विद्यालयमा आधारित गरेर विद्यालय पाठ्यक्रमलाई दुई भागमा वर्गीकरण गरिएको छ। केन्द्रबाट निर्धारित ५५ प्रतिशत, केन्द्रबाट दिईएका विषय मध्येबाट छनोट गर्नुपर्ने २० प्रतिशत र विद्यालयमा आधारित २५ प्रतिशत पाठ्यभार बराबरका पाठ्यक्रम रहने व्यवस्था छ।
- भियतनाममा १५ प्रतिशत स्थानीय इतिहास, भूगोल, परम्परागत उत्पादन, संस्कृति आदि विषयवस्तु छनोट गरी विद्यालयले अध्ययन अध्यापन गर्न पाउने प्रावधान देखिन्छ।
- दक्षिण कोरियामा केन्द्रीय, प्रोभन्स र महानगरपालिकाले पाठ्यक्रमका ढाँचा तथा संरचना दिने र त्यसका आधारमा विद्यालयले आफ्ना आवश्यकता अनुसारका विषय छनोट गर्न पाउने सुविधा प्रदान गरिएको पाइन्छ।

३. स्थानीय पाठ्यक्रमका सन्दर्भमा हाम्रो अभ्यास:

गुरुकुल शिक्षा देखि नै स्थानीय पाठ्य सामग्रीमा जोड दिइएको पाइन्छ। रा.शि.प.यो. २०२८ कार्यान्वयनसँगै देशैभरी एकै किसिमको पाठ्यक्रमको थालनी भएको पाइन्छ। औपचारिक रूपमा प्राथमिक शिक्षा पाठ्यक्रम, २०४९ ले पहिलो पटक स्थानीय विषय वा मातृ भाषा मध्ये कुनै एक विषय राख्न पाउने नीतिगत प्रावधान राखेसँगै स्थानीय पाठ्यक्रमको विकास हुदै आएको देखिन्छ। पाठ्यक्रमको मौजुदा संरचनामा समेत आधारभूत तहमा कक्षा १-३ मा साप्ताहिक ५ पाठ्यघण्टाका दरले वार्षिक १६० पाठ्यघण्टाको मातृभाषिक सीप/स्थानीय विषयवस्तु सम्बन्धी क्रियाकलाप र कक्षा ४-८ मा साप्ताहिक ४ पाठ्यघण्टाको दरले वार्षिक १२८ घण्टाको मातृभाषा/स्थानीय विषय समावेश गरिएको छ। पाठ्यक्रममा स्थानीय अंशका रूपमा सामाजिक अध्ययन, सिर्जनात्मक कला र शारीरिक शिक्षा विषयको २० प्रतिशत पाठ्यभारको पाठ्यक्रम र पाठ्यसामग्री विद्यालय आफैंले निर्माण गर्न सक्ने छन्। यस्तो पाठ्यक्रममा सामाजिक अध्ययनका लागि ३२ घण्टी, सिर्जनात्मक कलाका लागि १९ घण्टी र शारीरिक शिक्षाका लागि १२ घण्टी निर्धारण गरिएको। स्थानीय पाठ्यक्रमको मुख्य सार Think Globally Act Locally : Local to Global, Contextualized नै रहेको पाइन्छ।

४. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ मा स्थानीय पाठ्यक्रमको सन्दर्भमा गरिएको व्यवस्था

राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ तथा एकीकृत पाठ्यक्रम (कक्षा १-३) २०७६ ले कक्षा १-३ मा ५ पाठ्यघण्टा तथा वार्षिक १६० कार्यघण्टा सहितको मातृभाषिक सीप/स्थानीय विषयवस्तु सम्बन्धी

क्रियाकलापको रूपमा स्थानीय विषयको रूपमा व्यवस्था गरेको छ। यस विषयवस्तुको सिकाइ सहजीकरण सुनिश्चितताको लागि सम्बन्धित स्थानीय सरकार र विद्यालयले मातृभाषा वा स्थानीय विषयवस्तु समावेश गरी पाठ्यक्रम निर्माण, विकास तथा कार्यान्वयन गर्ने व्यवस्था भए बमोजिम स्वर्गद्वारी नगरपालिकाले पनि कक्षा १-३ को लागि स्थानीय विषयवस्तु समावेश भएको पाठ्यक्रम निर्माण विकास गरी शैक्षिक सत्र २०८१ देखि नगरपालिकाका सबै सामुदायिक तथा संस्थागत विद्यालयमा परीक्षणको रूपमा यो पाठ्यक्रम ल्याइएको छ। पाठ्यक्रम आफैंमा एउटा गतिशील दस्तावेज भएकोले परीक्षणमा देखिने राम्रा अभ्यासको निरन्तरता र समस्या पहिचान र समाधान गर्दै सरोकारवाला, विज्ञ, शिक्षक, विद्यार्थी तथा अभिभावकबाट प्राप्त हुने रचनात्मक एवम् सकारात्मक सुझाव समावेश गर्दै राजनैतिक, सामाजिक, आर्थिक, प्रविधिमा भएको विकास, बालबालिकाको रूचि, क्षमता, आवश्यकतासँगै तादाम्यता कायम गर्दै पाठ्यक्रम परिमार्जन तथा विकास निरन्तर रूपमा हुनेछ।

५. विद्यालय शिक्षाको राष्ट्रिय उद्देश्यहरू

राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ अनुसार विद्यालय शिक्षाका राष्ट्रिय उद्देश्यहरू निम्नानुसार हुने छन्

(क) प्रत्येक व्यक्तिमा अर्न्तनिहित प्रतिभाको प्रस्फुटन गरी व्यक्तित्व विकास गर्ने,

(ख) संघीय लोकतान्त्रिक गणतन्त्रका मूल्य तथा मान्यता प्रति प्रतिबद्ध, राष्ट्र र राष्ट्रियता प्रति बफादार स्वाभिमानी, सामाजिक तथा साँस्कृतिक विविधतालाई सम्मान गर्ने, नैतिकवान् एवम् जिम्मेवार नागरिक तयार गर्ने,

(ग) श्रमप्रति सम्मान एवम् सकारात्मक सोच भएका, रोजगार तथा स्वरोजगार उन्मुख, उत्पादनमुखी, उद्यमशील र सीपयुक्त नागरिक तयार गर्ने,

(घ) व्यक्तिको सामाजिकीकरणमा सहयोग गर्दै सामाजिक सद्भाव तथा सहिष्णुता र राष्ट्रिय एकता सुदृढ गर्न सहयोग पुऱ्याउने,

(ङ) प्राकृतिक तथा राष्ट्रिय सम्पदा पर्यावरणको संरक्षण, संवर्धन र सदुपयोग गर्दै दिगो विकासमा योगदान गर्ने सचेत नागरिक तयार गर्ने,

(च) प्रत्येक व्यक्तिमा शान्ति, मानव अधिकार, समानता, समावेशिता र सामाजिक न्यायका मान्यता अनुरुपको आचरण विकास गरी समतामूलक, समावेशी, न्यायपूर्ण र समाजवाद उन्मुख राष्ट्र निर्माणमा मद्दत गर्ने,

(छ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी, आधुनिक सूचना तथा सञ्चार प्रविधि प्रयोग गर्न सक्ने विश्वपरिवेश सुहाउदो दक्ष जनशक्ति तयार गर्ने,

(ज) वैज्ञानिक अवधारणा, तथ्य, सीप, सिद्धान्त तथा प्रविधिको प्रयोग गर्न सक्ने वैज्ञानिक सुझबुझ भएका र खोज तथा अनुसन्धानमुखी जनशक्ति तयार गर्ने,

(झ) रचनात्मक तथा समालोचनात्मक चिन्तन गर्ने, जीवनोपयोगी सीप भएका सहिष्णु र भाषिक सक्षमतामा

निपुण नागरिक तयार गर्ने,

(ञ) नेपाली मौलिक कला, संस्कृति, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यहरूको संरक्षण संवर्धन र विस्तारतर्फ अभिप्रेरित भएका, नेपाली पहिचान, जीवनशैली प्रति गौरव गर्ने नागरिक तयार गर्ने,

(ट) जलवायु परिवर्तन तथा प्राकृतिक एवम् मानव सिर्जित प्रकोप प्रति सचेत रही सम्भावित जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापन गर्न सक्षम नागरिक तयार गर्ने ,

(ठ) सामाजिक न्यायमा आधारित समृद्ध राष्ट्र निर्माणका निम्ति आवश्यक मानव संसाधनको विकास गर्ने,

६. विद्यालय शिक्षाको तहगत संरचना

राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ ले विद्यालय शिक्षाको संरचनालाई प्रारम्भिक बालविकास र शिक्षा, आधारभूत र माध्यमिक गरी तीन तहमा विभक्त गरेको छ। आधारभूत तहको कक्षा १ मा प्रवेश गर्नु पूर्व १ वर्षको प्रारम्भिक बालविकास र शिक्षाको व्यवस्था गरेको छ। विद्यालय शिक्षाको संरचनामा कक्षा १ देखि ८ सम्म आठ वर्ष अवधिको आधारभूत शिक्षा र कक्षा ९ देखि १२ सम्म चार वर्षको अवधि माध्यमिक शिक्षा कायम गरिएको छ। माध्यमिक शिक्षा साधारण, प्राविधिक तथा व्यवसायिक र परम्परागत गरी तीन धारको हुने उल्लेख गरिएको छ।

६.१ विद्यालय शिक्षाको तहगत र कक्षागत संरचना

विद्यालयको तह	कक्षा	उमेर समूह	सिकाइ क्षमतास्तर
प्रारम्भिक बालविकास र शिक्षा	प्रारम्भिक बालविकास र शिक्षा	४ वर्ष	
आधारभूत	कक्षा १-३	५ देखि ७ वर्ष सम्म	तह १
	कक्षा ४-५	८ देखि ९ वर्ष सम्म	तह २
	कक्षा ६-८	१० देखि १२ वर्ष सम्म	तह ३
माध्यमिक	कक्षा ९-१०	१३ देखि १४ वर्ष सम्म	तह ४
	कक्षा ११-१२	१५ देखि १६ वर्ष सम्म	तह ५

६.२ विद्यालय शिक्षाको पाठ्यक्रम संरचना

विद्यालयतहको पाठ्यक्रम संरचना निम्नानुसार रहेको छ :

६.२.१ प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम संरचना

क्र. सं.	सीपका क्षेत्रहरू	सीपहरू	वार्षिक समय घण्टामा
१	आधारभूत सीप सिकाइको क्षेत्र	(क शारीरिक सीप (ख संवेगात्मक सीप	३८४
		(ग) सामाजिक, साँस्कृतिक र नैतिक सीप (घ) बौद्धिक तथा मानसिक सीप (ङ) स्वास्थ्य, पोषण सुरक्षा र वातावरण सीप (च) सिर्जनात्मक सीप	
२	विषयगत सीप सिकाइक्षेत्र	क) भाषिक सीप ख) पूर्व गणितीय सीप ग) दृश्यकला, कार्यतरिका र सिर्जनशीलता घ) वरपरको वातावरण ङ) सामाजिक सीप	१९२
जम्मा			५७६

(उपर्युक्त तालिकामा उल्लेखित क्रियाकलाप र समय बाहेक मनोरञ्जन क्रियाकलाप, बाह्य खेल र आराम गर्ने समय गरी कम्तिमा दैनिक १ घण्टाको दरले वर्ष भरिमा २५६ घण्टा सम्म वार्षिक समय थप हुन सक्ने छ।)

६.२.२ आधारभूत शिक्षा (कक्षा १-३) को पाठ्यक्रम संरचना

क्र. स.	विषय सम्बन्धी क्रियाकलाप	पाठ्य घण्टा	वार्षिक कार्य घण्टा
१	भाषिक सीप विकास सम्बन्धी क्रियाकलाप (नेपाली)	५	१६०
२	भाषिक सीप विकास सम्बन्धी क्रियाकलाप (अंग्रेजी)	४	१२८
३	गणितिय सीप विकास सम्बन्धी क्रियाकलाप	४	१२८
४	विज्ञान स्वास्थ्य र शारीरिक शिक्षा सामाजिक अध्ययन चारित्रिक विकास तथा सिर्जनात्मक कला सम्बन्धी क्रियाकलाप (मेरो सेरोफेरो)	८	२५६
५	मातृभाषिक सीप/ स्थानीय विषयवस्तु सम्बन्धी क्रियाकलाप	५	१६०
	जम्मा	२६	८३२

पठनपाठन सञ्चालनका लागि उपयोग भएको ३२ घण्टाको समयावधिलाई १ पाठ्यघण्टा (credit hour) मानिएको छ।

६.२.३ आधारभूत शिक्षा (कक्षा ४-५) को पाठ्यक्रम संरचना

क्र.स.	विषय	पाठ्य घण्टा	वार्षिक कार्य घण्टा
१	नेपाली	५	१६०
२	अंग्रेजी	५	१६०
३	गणित	५	१६०
४	विज्ञान तथा प्रविधि	५	१६०
५	सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा	५	१६०
६	स्वास्थ्य शारीरिक तथा सिर्जनात्मक कला	३	९६
७	मातृभाषा / स्थानीय विषय	४	१२८
जम्मा		३२	१०२४

पठनपाठन सञ्चालनका लागि उपयोग भएको ३२ घण्टाको समयावधिलाई १ पाठ्यघण्टा (credit hour) मानिएको छ।

६.२.४ आधारभूत शिक्षा कक्षा (६-८) को पाठ्यक्रम संरचना

क्र. सं.	विषय			पाठ्य घण्टा	वार्षिक कार्य घण्टा
	साधारण	संस्कृत शिक्षा / गुरुकुल / वेद विद्याश्रम शिक्षा	गोन्पा तथा विहार / मदरसा शिक्षा		
१	नेपाली	नेपाली	नेपाली	५	१६०
२	अंग्रेजी	अंग्रेजी वा संस्कृत	अंग्रेजी	५	१६०
३	गणित	गणित	गणित	५	१६०
४	विज्ञान तथा प्रविधि	विज्ञान तथा प्रविधि वा संस्कृत व्याकरण	विज्ञान तथा प्रविधि	५	१६०
५	सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा	सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा वा कर्मकाण्ड	सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा	५	१६०

६	स्वास्थ्य तथा शारीरिक शिक्षा (सिर्जनात्मक कला सहित)	संस्कृत भाषा	स्थानीय विषय वा बौद्ध शिक्षा वा सम्भोटा व्याकरण वा अन्य वा आचार शिक्षा (दिनियात) वा कुरान (अरेबिक)	३	९६
७	मातृभाषा वा स्थानीय विषय वा संस्कृत भाषा	वेद वा नीति शास्त्र	भोटभाषा वा पाली भाषा वा संस्कृत वा अन्य भाषा वा उर्दु भाषा	४	१२८
जम्मा				३२	१०२४

६.२.४ आधारभूत शिक्षाका तहगत सक्षमता

आधारभूत शिक्षाले विद्यार्थी केन्द्रित शिक्षाका माध्यमद्वारा बालबालिकामा अर्न्तनिहित प्रतिभाको विकास गर्ने लक्ष्य राखेको छ। यस तहको शिक्षाको मुख्य उद्देश्य राष्ट्र प्रेम र लोकतन्त्रमा विश्वास गरी राष्ट्रियताको संरक्षण र संवर्धन गर्ने अधिकार र कर्तव्यको पालना सहित स्वतन्त्रताको सम्मान गर्ने सामाजिक र प्राकृतिक वातावरण प्रति सचेत भई मानवीय मूल्य मान्यता अनुकुल व्यवहार गर्ने कर्तव्यनिष्ठ नागरिक उत्पादन गर्ने हो। यस तहको शिक्षा प्राप्त गरिसकेका बालबालिकाहरू आफ्ना विचार आदान प्रदान एवम् दैनिक जीवनमा आइपर्ने व्यवहारिक समस्या समाधान गर्न सक्षम, स्वावलम्बी, परिश्रमी, वैज्ञानिक सुझबुझ भएका, स्वास्थ्य प्रति सचेत र नैतिकवान हुनेछन्। विद्यालय शिक्षा अर्न्तगत आधारभूत शिक्षा (कक्षा १-८) का विद्यार्थीले हासिल गर्ने सक्षमताहरू निम्न बमोजिम हुने छन्:

१. देश प्रेम तथा राष्ट्रिय एकताको भावना एवम् लोकतान्त्रिक मूल्य मान्यता तथा संस्कार व्यवहारमा प्रदर्शन गर्न।
२. भाषिक तथा सञ्चार सीपको विकास र व्यवहारिक सिर्जनात्मक एवम् सार्न्दभिक प्रयोग गर्न।
३. सूचना र विचारहरूको आदान प्रदान गर्न विश्लेषण तथा सूचना प्रविधिको समुचित प्रयोग गर्न।
४. तार्किक तथा व्यावहारिक गणितीय ज्ञान सीप एवम् अभिवृद्धि विकास र प्रयोग गर्न।
५. वैज्ञानिक अवधारणा, तथ्य सिद्धान्त र नियम प्रतिको जिज्ञासा एवम् बोध र व्यवहारिक जीवनमा प्रयोग गर्न।
६. मानवीय मूल्य र मान्यता एवम् सामाजिक गुणको विकास तथा नागरिक कर्तव्य प्रति सजगता।

७. जनसंख्या, वातावरण संरक्षण र दिगो विकास बिचको अन्तरसम्बन्धको बोध र व्यवस्थापनमा सहयोग।
८. शारीरिक तन्दुरुस्ती, स्वस्थकर जीवनशैली र जीवनोपयोगी सीप (Life skills) को विकास।
९. स्थानीय, आधुनिक पेसा व्यवसाय र प्रविधि एवम् श्रम प्रति सम्मान तथा व्यवहार कुशल सीप (soft skills)को प्रयोग।
१०. नेपाली कला, साहित्य र संस्कृतिको संरक्षण तथा संवर्धन एवम् सिर्जनशीलताको विकास र प्रयोग।
११. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशसँग परिचित भई विविधता, विश्वबन्धुत्व र सहअस्तित्व बोध तथा स्वीकार।
१२. दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्याको पहिचान, विश्लेषण तथा समाधान।

६.२.५ आधारभूत शिक्षा (कक्षा १-३) का तहगत सक्षमता

आधारभूत शिक्षा कक्षा १-३ को उद्देश्य बालबालिकालाई आधारभूत साक्षरता, गणितीय ज्ञान तथा सीप र जीवनोपयोगी सीपहरूका साथै व्यक्तिगत स्वास्थ्य तथा सरसफाइ सम्बन्धी बानीको विकास गर्ने अवसर प्रदान गर्नु हो। आधारभूत शिक्षाको माध्यमबाट बालबालिकाहरू आफू रहेको प्राकृतिक तथा सामाजिक वातावरणसँग परिचित र सचेत हुने छन्। यस तहको पाठ्यक्रम बालबालिकाको उमेर र क्षमता एवम् रूचिलाई ध्यान दिई एकीकृत सिद्धान्त अनुसार विकास गरिएको छ। आधारभूत शिक्षा (कक्षा १-३) का सक्षमता देहायबमोजिम हुने छन्।

१. आधारभूत भाषिक तथा सञ्चार सीपको विकास र प्रयोग
२. आधारभूत गणितीय अवधारणा र सीपको विकास र प्रयोग
३. अनुशासन, सदाचार र स्वावलम्बन जस्ता सामाजिक एवम् चारित्रिक गुणको विकास
४. विज्ञान, वातावरण, सूचना प्रविधि सम्बन्धी आधारभूत ज्ञानको विकास
५. शारीरिक तन्दुरुस्ती, स्वस्थकर बानी र जीवनोपयोगी सीप (life skills)को विकास
६. कला सौन्दर्य प्रति अभिरूचि र सिर्जनात्मकताको विकास
७. आफ्नो परिवेशसँग परिचित भई विभिन्न जातजाति, धर्म, भाषा, संस्कृति, क्षेत्रप्रति सम्मान र सद्भावको विकास

खण्ड-१
स्थानीय पाठ्यक्रम निर्माण प्रकिया

१.१. पृष्ठभूमि

स्थानीय सरकारको रूपमा स्वर्गद्वारी नगरपालिकाको स्थापना भए पश्चात् नगरको मौलिक पहिचान बोकेको स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन नगरको उच्च प्राथमिकतामा रहेको थियो। परम्परागत ज्ञान, सीप, संस्कारलाई संरक्षण संवर्धन गर्दै असल कार्य संस्कृतिको अवलम्बन र पुस्तान्तरण गर्दै सुयोग्य नागरिक तयार गर्ने भावलाई पाठ्यक्रमले अंगिकार गरेको छ। सामाजिक विकास समितिको अगुवाई र सक्रियतामा स्थानीय आवश्यकताका स्थानीय विषयवस्तुलाई समेटेर यहाँकै विज्ञ शिक्षकहरूबाट तयार गरी शैक्षिक सत्र २०८१ देखि परीक्षणको रूपमा हाम्रो स्वर्गद्वारी स्थानीय पाठ्यक्रम कार्यान्वयनमा ल्याईएको छ। पाठ्यक्रम निर्माण समावेशी र सहभागितामुलक ढंगले देहायका चरणहरू अवलम्बन गरी तयार गरिएको छ।

२.२. आवश्यकताको पहिचान
२.३. नीतिगत निर्णय
२.४. स्थानीय पाठ्यक्रम अभिमुखीकरण कार्यशाला
२.५. स्थानीय पाठ्यक्रम लेखन कार्यदल
२.६. मस्यौदा लेखन कार्यशाला
२.७. थेमेटिक गुप्र निर्माण र कार्य जिम्मेवारी बाडँफाडँ
२.८. मस्यौदा उपर छलफल र सुझाव सङ्कलन
२.९. पाठ्यक्रमको मस्यौदालाई सार्वजनिक र सुझाव संकलन
२.१०. कार्यपालिकामा छलफल र स्वीकृति
२.११. सरोकारवालाहरूलाई अभिमुखीकरण र परीक्षण
२.१२. कार्यान्वयन पृष्ठपोषण सुधार र परिमार्जन

खण्ड-३

स्थानीय पाठ्यक्रमका तहगत सक्षमता र विषयक्षेत्रहरू

स्थानीय आवश्यकता स्थानीय विषयवस्तु र स्थानीय विज्ञताको उपयोगबाट निर्माण एवम् कार्यान्वयन गरिने पाठ्यक्रम स्थानीय पाठ्यक्रम भएकोले यसले स्वर्गद्वारी नगरपालिकाको स्थानीय पहिचान भेषभूषा कला संस्कृति पवित्र धार्मिक स्थल स्वर्गद्वारी मन्दिर देखि विपद् जोखिम न्यूनीकरण समेतका विषयवस्तुहरू समेटेको छ । केन्द्रीय पाठ्यक्रमकै परिपूरकको रूपमा यसलाई कार्यान्वयनमा लगिनेछ । विद्यालय शिक्षाका सक्षमताहरू हासिल गर्ने जीवनोपयोगी सीप विकास गर्नका साथै आफू स्वर्गद्वारी नगरबासी भएकोमा गर्वको महसुस गर्ने नागरिक तयार गर्ने पाठ्यक्रमको मूल मर्म रहेको छ।

३.१ स्थानीय पाठ्यक्रमको औचित्य

१. नगरको मौलिक पहिचान स्थानीय विषयवस्तु र आवश्यकतालाई यथोचित सम्बोधन गर्न।
२. परम्परागत स्थानीय ज्ञान, सीपको संरक्षण, संवर्धन तथा आधुनिक सूचना प्रविधिको उपयोग गर्न।
३. पाठ्यक्रमलाई व्यवहारिक जीवनोपयोगी र गतिशील बनाउन।
४. स्थानीय भाषा, संस्कृति र सम्पदाहरूको विकास गर्न।
५. विद्यार्थीहरूमा स्वर्गद्वारी नगरबासी भएकोमा गर्वको महसुस गर्न

३.२ तहगत सक्षमता

१. स्थानीय सरकार (वडा, नगरपालिका) सँग परिचित भई यहाँबाट प्रवाह हुने सेवाको बारेमा जानकारी गर्न।
२. प्रसिद्ध धार्मिक एवम् पर्यटकीय स्थल स्वर्गद्वारी मन्दिरको महत्त्व बोध गर्दै आफू स्वर्गद्वारी नगरबासी भएकोमा गौरव गर्ने बानीको विकास गर्ने ।
३. आफ्नो गाउँटोल तथा नगरपालिकाको मौलिक परम्परागत संस्कृति, परम्परा, पर्यटकीय क्षेत्र, सीप, भाषासँग परिचित भई असल पक्षको अनुसरण, संरक्षण, संवर्धन र पुस्तान्तरण गर्न।
४. पुख्यौंली कला कौशल अभ्यास र सीपको संरक्षण तथा अवलम्बन गर्न।
५. विद्यार्थीहरूमा जीवनोपयोगी (Life skills) र व्यवहार कुशल सीप (soft skills) को विकास गरी दैनिक जीवनमा आइपर्ने समस्या समाधान गर्न।
६. आफ्नो खेतबारी वा स्थानीय स्तरमा पाइने ताजा पोसिलो र स्वस्थकर खानेकुरा खाने बानीको विकास।
७. नगरका आर्थिक क्रियाकलापहरू र प्रमुख व्यापारिक केन्द्रहरूको जानकारी र सम्भाव्यता बारे परिचित हुन्।
८. आधुनिक सूचना प्रविधिको उपयोग गर्दै प्रविधिमैत्री नागरिक तयार गर्ने

९. प्राकृतिक प्रकोप, विपद् तथा महामारीका बारेमा जानकारी लिई सजग हुन, उक्त जोखिमबाट, बच्न र बचाउन।

३.३ हाम्रो स्वर्गद्वारी पाठ्यक्रमको विषय क्षेत्र र ढाँचा

क्र. सं.	विधा र क्षेत्र	पाठ संख्या	जम्मा वार्षिक पाठ्य घण्टा १६०		
			सैद्धान्तिक	प्रयोगात्मक	जम्मा
१	हाम्रो स्वर्गद्वारी नगरपालिका	१	१०	१०	२०
२	हाम्रो स्वर्गद्वारी	१	१०	१०	२०
३	हाम्रो समाज र संस्कृति	१	१०	१०	२०
४	मानव मूल्य र नागरिक सीप	१	५	५	१०
५	स्वास्थ्य पोषण र सरसफाइ	१	५	५	१०
६	परम्परागत स्थानीय सीप कला तथा आधुनिक प्रविधि	१	१०	१०	२०
७	हाम्रा आर्थिक क्रियाकलापहरू	१	५	५	१०
८	यातायात तथा भौतिक पूर्वाधारहरू	१	५	५	१०
९	ऐतिहासिक सांस्कृतिक तथा पर्यटकीय सम्पदाहरू	१	१०	१०	२०
१०	हाम्रा शिक्षालयहरू	१	५	५	१०
११	विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन	१	५	५	१०
जम्मा			८०	८०	१६०

३.४ पाठ्यक्रम विकासका सैद्धान्तिक आधार

३.४.१ **सक्षमतामा आधारित** पाठ्यक्रमको मर्म अनुरुप व्यवहारिक तथा सामाजिक जीवनयापनका लागि आवश्यक पर्ने ज्ञान, सीप, प्रवृत्ति र मूल्यको आर्जन तथा तिनलाई प्रयोग गर्ने सामर्थ्यलाई मध्यनजर गर्दै स्थानीय पाठयक्रम हाम्रो स्वर्गद्वारी तयार गरिएको छ।

३.४.२ पाठ्यक्रम विकास **बालमनोविज्ञान र बालविकासको** अवधारणा अनुरूप नै गरिएको छ। बालबालिकाहरूको शारीरिक, बौद्धिक, आध्यात्मिक, नैतिक, सामाजिक, संवेगात्मक र सांस्कृतिक पक्षको विकास गर्दै उनीहरूलाई जिम्मेवारी बोध गर्ने, अवसर र अनुभवहरू हासिल हुने पक्षमा स्थानीय पाठ्यक्रम केन्द्रित रहेको छ। यसले आधारभूत जीवनोपयोगी सीप, नागरिक चेतना, सामाजिक र बौद्धिक जानकारी, लोकतान्त्रिक मूल्य, लैङ्गिक समानता, मानव अधिकार, समावेशीकरण जस्ता महत्त्वपूर्ण विषय क्षेत्रहरूमा

अनुभव हासिल गर्ने अवसर प्रदान गर्नेछ। विश्व बजारमा प्रतिस्पर्धी, सञ्चार तथा सूचना प्रविधिको ज्ञान भएका, समूहमा काम गर्न सक्ने, विविधतालाई सम्मान गर्ने र समालोचनात्मक तथा सिर्जनात्मक अभिव्यक्ति सीप भएका जनशक्ति तयार गर्ने केन्द्रीय पाठ्यक्रमको परिपूरक सावित हुनेछ।

३.४.३ पाठ्यक्रममा **विविधतायुक्त विषयवस्तुलाई एकीकृत** गरेर विषयवस्तुको चयन, एकीकृत ढाँचामा समष्टिगत सिकाइ उपलब्धिहरू व्यवस्थित गरिएको छ। पाठ्यक्रमले ज्ञान र सीपको, ज्ञान र सिकाइ प्रक्रियाको, संज्ञानात्मक *(cognitive)* र प्रभावी *(Affective)* क्षेत्रको, ज्ञान र आचरणको, विद्यालयभित्रको सिकाइ र विद्यार्थीको वास्तविक जीवनको, फरक विषयक्षेत्रहरूको एवम् अन्तरसम्बन्धित सिकाइ, अनुभवजन्य सिकाइ *local place based approach* मा जोड दिएको छ।

३.४.४ स्थानीय पाठ्यक्रम विकास गर्दा **समावेशी सिद्धान्तलाई** पूर्ण रूपमा अङ्गीकार गरिएको छ। स्थानीय आवश्यकता विषयवस्तु र विज्ञताको भरपुर उपयोग गर्ने प्रयास गरिएको छ। विद्यालयका सबै खाले बालबालिकाहरू (अपाङ्गता भएका, दलित तथा विपन्न, आर्थिक रूपमा कमजोर, महिला, आदिवासी, गरिबीको रेखामुनि रहेका आदि) को विविध सिकाइ चाहनाको सम्बोधन गर्ने गरी यसलाई तयार गरिएको छ।

३.४.५ स्थानीय पाठ्यक्रमले **परम्परागत पुख्यौंली ज्ञान सीपका सँगै सूचना, सञ्चार तथा आधुनिक प्रविधिलाई** विशिष्ट स्थान दिएको छ। आधुनिक सूचना प्रविधिको बढ्दो उपयोगसँगै यसले निम्ताएका चुनौतिहरूलाई न्यूनीकरण गर्ने तर्फ पाठ्यक्रम कार्यान्वयनमा विशेष जोड दिइनेछ।

३.४.६ पाठ्यक्रममा **जीवनोपयोगी सीप र नागरिक सीपलाई** अलग्गै एकाइको रूपमा राखेर बालबालिकाहरूलाई वैयक्तिक र व्यवहारिक परिवर्तन ल्याउन सक्ने क्षमता विकास गर्ने अवसर प्रदानको अवसर दिलाउन खोजिएको छ। प्रभावकारी सञ्चार तथा अन्तरवैयक्तिक सम्बन्ध, निर्णय तथा समालोचनात्मक सोचाइ, आत्म व्यवस्थापन र निर्णय लिने क्षमता जस्ता व्यवहार कुशल सीपहरूलाई कक्षाकोठामा व्यवहारिक अभ्यासमा विशेष स्थान दिइनेछ।

३.४.७ पाठ्यक्रम विकास **नेपाली मूल्य र मान्यतामा** आधारित छ। स्वर्गद्वारी नगरपालिकाका पुराना चालचलन भेषभूषालाई केन्द्रमा राखिएको छ। पुख्यौंली विशिष्ट संस्कृति, मूल्य तथा मान्यता, परम्परा, कला, सौन्दर्य, आदर्श जस्ता वैशिष्ट्यहरूको संरक्षण तथा प्रवर्धन पुस्तान्तरणमा जोड दिएको छ। अनुशासन, शिष्टाचार, सदाचार, शान्ति, अहिंसा जस्ता पक्षहरूलाई सँगसँगै जोड्न खोजिएको छ।

३.४.९ हाम्रो स्वर्गद्वारी स्थानीय पाठ्यक्रमको कार्यान्वयनको प्रभावकारिताका निम्ति शिक्षकको तयारी सिकाइ सहजीकरण प्रक्रियाको केन्द्रका रूपमा शिक्षक रहन्छन्। सिकारु र शिक्षक बीचको अन्तरक्रियाको प्रकृतिमा सिकाइको गुणस्तर निर्भर रहने गर्दछ। यसका लागि शिक्षकहरूमा अध्यापन गर्ने विषयमा गहन

ज्ञान र समसामयिक ज्ञान तथा सीपमा अद्यावधिकता, सिकाइ सहजीकरण प्रक्रिया सम्बन्धी गहन ज्ञान र सो ज्ञानलाई सिकाइ सहजीकरणमा उपयुक्त तवरले प्रयोग, बालबालिकाहरूको विविध सिकाइ आवश्यकता पहिचान गरी बालकेन्द्रित सिकाइ सहजीकरण, प्रभावकारी सिकाइ सहजीकरणका लागि कक्षा व्यवस्थापन लगायतका पक्षमा निरन्तर क्षमता विकास गरिनेछ।

३.४.१० विद्यार्थी, अभिभावक तथा शिक्षकहरू बीच प्रभावकारी सञ्चार र सहकार्य, निरन्तर सिकाइ र पेसागत विकास प्रतिको प्रतिबद्धता, प्रचलित ऐन, नियम तथा सामाजिक मूल्य मान्यता अनुकूल आदर्श पेसागत आचरण प्रदर्शन एवम् पेसागत जिम्मेवारी तथा उत्तरदायित्व वहन, विविधताको व्यवस्थापन र बहुभाषिक शिक्षण, सूचना तथा सञ्चार प्रविधि सम्बन्धी आधारभूत ज्ञान र सीपको सिकाइ सहजीकरणमा प्रयोग, सिकाइ सहजीकरणमा सामुदायिक कार्य, घटना अध्ययन तथा लघु अनुसन्धानको प्रयोग, पाठ्यक्रम, पाठ्यपुस्तक विकास, विश्लेषण, समायोजन तथा प्रयोग, समावेशी शैक्षणिक सामग्रीको निर्माण र प्रयोग, मूल्याङ्कन सामग्री विकास, परीक्षाका परिणामहरूको विश्लेषण र सुधार, समसामयिक, कार्यमूलक अनुसन्धानका प्राप्तिको कार्यान्वयनमा जोड दिइनेछ। स्थानीय सरकार र अभिभावकको यथोचित समन्वय र सहकार्य रहिरहनेछ।

३.४.११ स्थानीय पाठ्यक्रमको कार्यान्वयन गर्ने मुख्य शैक्षिक संस्था विद्यालय हो। विद्यालयले तोकिएको खाकाका आधारमा स्थानीय आवश्यकता, पहुँच, सान्दर्भिकता र गुणस्तरसमेतलाई सम्बोधन गर्न सक्ने गरी पाठ्यक्रम कार्यान्वयन गर्नेछन्। विद्यालय भौतिक वातावरण, पाठ्यक्रम, शिक्षक, विद्यार्थी र अन्य व्यवस्थापकीय पक्षलाई सिकाइ सहजीकरण प्रक्रियासँग आबद्ध गरी विश्व परिवेश अनुरूप शिक्षक स्वयम् पनि पाठ्यक्रम सम्बन्धी निरन्तर गतिविधि सञ्चालन गर्न स्वायत्त हुने छन्। विद्यालयलाई शान्ति क्षेत्रका रूपमा विकास गर्ने, बाल अधिकारको सुनिश्चित गर्ने, समावेशी शैक्षिक वातावरण सिर्जना गर्न, अभिभावक विद्यालय सहसम्बन्धलाई सुदृढ गराउन, प्रतिस्पर्धी वातावरण सिर्जना गरी शैक्षिक गुणस्तर सुनिश्चित गर्न, शैक्षिक स्रोत सामग्रीको विकास गर्न, सूचना सञ्चार प्रविधिलाई अवलम्बन गर्न, सहभागितामुलक कार्यविधि अवलम्बन गर्न, आवश्यकता अनुसार बहुकक्षा शिक्षण, विषय शिक्षण, कक्षा शिक्षण गर्न, विद्यार्थी परामर्श सेवा तथा सरसल्लाह प्रदान गरी सबैका लागि गुणस्तरीय विद्यालय शिक्षा प्रदान गर्ने थलोका रूपमा विकास गर्दै लगिनेछ।

३.४.१२ पाठ्यक्रम कार्यान्वयनमा सहजीकरणको लागि शिक्षा युवा तथा खेलकुद शाखाले समन्वयकारी भूमिका निर्वाह गर्नेछ। शिक्षणको भाषा नेपाली हुनेछ। पाठ्यक्रम निर्माण कार्यमा संलग्न विज्ञ शिक्षकहरूले आवश्यकता र मागमा आधारित क्षमता विकासका कार्यहरू सञ्चालन गर्नेछन्। स्थानीय विषयको अध्यापन गराउने शिक्षकहरूको सुझाव सल्लाह र पृष्ठपोषणलाई समेत मध्यनजर गर्दै पाठ्यक्रमलाई स्वर्गद्वारी नगरको पहिचानको रूपमा विकास गरिनेछ।

खण्ड-४
स्थानीय पाठ्यक्रमको क्षेत्र र क्रमतालिका
कक्षा १-५

क्र. सं.	क्षेत्र	कक्षा -१	कक्षा -२	कक्षा - ३	कक्षा - ४	कक्षा - ५
१	हाम्रो स्वर्गद्वारी नगरपालिका	• आफ्नो गाउँ/टोल/ बस्तीको जानकारी, वडा नं र नगरपालिकाको सामान्य परिचय	• वडाभित्र रहेका गाउँ/ टोल/ बस्तीको नाम भन्न र लेख्न • गाउँ/टोल/ बस्तीको जनसंख्याको बनावट र वडाको जनसंख्या • वडाको मुकाम केन्द्र रहेको स्थान बारे जानकारी • वडाको नक्सा हेर्ने सीप विकास	• नगरपालिकाको नक्सा नगरपालिकामा रहेका वडाहरूको बारेमा जानकारी • नगरपालिकाको केन्द्र र क्षेत्रफलको जानकारी • नगरपालिकाको नक्सामा वडाको अवस्थितिको जानकारी	• नगरसँग जोडिएका छिमेकी पालिकाहरूको अवस्थितिको जानकारी • वडा कार्यालय वडा अध्यक्ष वडासदस्य तथा त्यहाँबाट उपलब्ध हुने सेवा सुविधाबारे सामान्य जानकारी - जस्तै जन्मदर्ता	• नगरपालिका प्रमुख उपप्रमुखहरूको चिनार, छनोट प्रक्रिया, पदावधि मुख्य कार्य जिम्मेवारीहरू • स्थानीय सरकार (नगर सभा नगर कार्यपालिका र न्यायिक समिति) को बारेमा सामान्य जानकारी • नगरपालिकाका मुख्य मुख्य नीति योजना र कार्यक्रमहरूबारे सामान्य जानकारी

पाठ्यक्रमको विस्तृतीकरण		आफ्नो आफ्नो गाउँ/टोल/बस्ती, समाज तथा समाजिक कार्यमा योगदान पुऱ्याउने सामाजिक अभियान्ताहरू, वडा तथा नगरपालिकाका पदाधिकारीहरूको चिनारी, नगरसभा, नगरकार्यपालिका, न्यायिक तथा विषयगत समितिहरूको गठन, यिनको मुख्य मुख्य कार्यहरू, नगरपालिकाको जनसंख्या, क्षेत्रफल, अवस्थिति लगायत नगरपालिका स्थापना भए पछिका विकास निर्माण र सेवा प्रवाहमा भएका प्रयासहरू।				
शिक्षण सिकाइ क्रियाकलाप विद्यार्थी मूल्याङ्कनका तौर तरिका		• अवलोकन भ्रमण • नक्सा अध्ययन • अडियो भिडियो प्रस्तुतीकरण • नगर, वडाका वृत्तचित्र (डकुमेन्टी...) अध्ययन • कुराकानी, छलफल			• परियोजना कार्य • अवलोकन • मौखिक प्रश्नोत्तर • कार्यसम्पादन तथा प्रस्तुतीकरण	
शिक्षकका लागि थप सन्दर्भ सामग्री		QR CODE SCAN सम्बन्धी जानकारी : दायाँपट्टीको क्यूआर कोडलाई इन्टरनेट मोबाइलमा कनेक्ट गरी स्क्यान गर्नुहोस् । त्यसपछि प्राप्त जानकारीलाई आवश्यकताअनुसार शिक्षण सिकाइमा सन्दर्भ सामग्रीको रूपमा उपयोग गर्नुहोस् । (यस क्यूआर कोड स्क्यान गर्दा तपाईंले निम्न विवरणहरू सजिलै प्राप्त गर्न सक्नुहुनेछ ।) (नगरको परिचय, नक्सा, जनप्रतिनिधिहरूको विवरण, नगरपालिकाको वेवसाइट, स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम नगरमा गठन हुने समिति, यहाँबाट सम्पादन हुने मुख्य मुख्य कार्यहरू लगायतका विवरणहरू)				SCAN ME
२	हाम्रो स्वर्गद्वारी	• स्वर्गद्वारी मन्दिरको जानकारी • यात्रा सस्मरण आदान प्रदान	• स्वर्गद्वारी मन्दिरको सामान्य परिचय • भौगोलिक अवस्थिति	• स्वर्गद्वारीमा मेला पूजा आजाका विशेष अवसरहरू • महाप्रभु, गुफाको बाटो, माण्डवी	• स्वर्गद्वारीका दैनिक गतिविधिहरू नित्यपूजा, अभिषेक, हवनादि	• धार्मिक सहिष्णुता र सद्भाव बारे जानकारी • नगरको चिनारी सँगै राष्ट्रको

			• रमणीय प्राकृतिक तथा आध्यत्मिक वातावरणको जानकारी	स्नान, गुरुकुल शिक्षा, यज्ञशाला, गौशाला पाकशाला, धर्मशाला लगायतको बारेमा जानकारी	• स्वर्गद्वारी मन्दिर प्रतिको जनविश्वास • ऐतिहासिक साँस्कृतिक महत्त्व	गौरवको रूपमा स्वर्गद्वारीको पहिचान र प्रचार प्रसारको विषय • योग र ध्यान • धार्मिक पर्यटक स्थल, पर्यटन सर्किट विकासका संम्भावना र अवसरको बारेमा जानकारी
पाठ्यक्रमको विस्तृतीकरण	स्वर्गद्वारी मन्दिर (परिचय, अवस्थिति, पैदल मार्ग, पूजाआजाका अवसरहरू, महाप्रभु, गुफाको बाटो, माण्डवी स्नान, गुरुकुल शिक्षा, यज्ञशाला, गौशाला, पाकशाला, धर्मशाला, दैनिक गरिने नित्यपूजा, ऐतिहासिक तथा सांस्कृतिक महत्त्व), धार्मिक सहिष्णुता र सद्भाव, योग र ध्यान र पर्यटन प्रवर्धन।					
शिक्षण सिकाइ क्रियाकलाप विद्यार्थी मूल्याङ्कनका तौर तरिका	• अवलोकन भ्रमण • नक्सा अध्ययन • अडियो भिडियो प्रस्तुतीकरण • स्वर्गद्वारीको वृत्तचित्र (डकुमेन्टी...) • कुराकानी, छलफल र प्रश्नोत्तर • सहयोगात्मक कक्षा				• परियोजना कार्य • अवलोकन • स्वमूल्यांकन • मौखिक प्रश्नोत्तर • विद्यार्थीको कार्यसञ्चयिका (Portfolio) तयारी र यथासक्य बास्तविक कार्यहरू (Authentic Task)को समावेश गर्ने	

शिक्षकका लागि थप सन्दर्भ सामग्री		QR CODE SCAN सम्बन्धी जानकारी : QR CODE SCAN सम्बन्धी जानकारी : दायाँपट्टीको क्यूआर कोडलाई इन्टरनेट मोबाइलमा कनेक्ट गरी स्कान गर्नुहोस् । त्यसपछि प्राप्त जानकारीलाई आवश्यकता अनुसार शिक्षण सिकाइमा सन्दर्भ सामग्रीको रूपमा उपयोग गर्नुहोस् । (यस क्यूआर कोड स्क्यान गर्दा तपाईंले निम्न विवरणहरू सजिलै प्राप्त गर्न सक्नुहुनेछ ।) (स्वर्गद्वारी मन्दिरको परिचय, भिडियो लगायत, यहाँका दैनिक गतिविधिहरूको जानकारी लगायतका विवरणहरू)				
४		• आफ्नो छिमेक/ टोल /गाउँ/ समुदायका जातजाति, रहन सहन, भाषा मेलापर्व जात्राको बारेमा सामान्य जानकारी	• आफ्नो छिमेक/टोल / गाउँ/ समुदायका जातजाति, रहन सहन, भाषा मेलापर्व जात्राहरूको बारेमा वर्णन • यात्रा सस्मरण र अनुभव आदान प्रदान गर्ने	• अग्रजहरूबाट पौराणिक किम्वदन्ती ऐतिहासिक तथा सामाजिक महत्त्वका विषयमा जानकारी लिने • असल समाजिक संस्कारहरूको विकास गर्ने • जन्म मृत्यु विवाह लगायतका संस्कारहरूको बारेमा जानकारी	• सामाजिक विकृतीहरू र यसबाट जोगिने उपायहरू • समाज विकास र यसमा सचेत नागरिकको भूमिका पहिचान गर्ने • लोप हुदै गइरहेका पुराना संस्कार, कला, नृत्य, गीत मेला पर्व भतेर सामाजिक	• सामाजिक विविधताको स्वीकार र सम्मान गर्ने बानी विकास • सामाजिक सद्भाव र सहिष्णुता कायम गर्न योगदान पुऱ्याउने • सामजिक संघ सस्था, टोल विकास संस्था, आमा समूह, युवा क्लब लगायतका विभिन्न स्वयम्सेवी र परोपकारी

				• प्रथा परम्परा र पुरानो चलनका आधारमा समाजमा हुँदै आएका गलत परम्परा मान्यता बारे सचेत गराउने जस्तै छुवाछुत	सहयोग ... को जानकारी, संरक्षण, पुस्तान्तरण	संस्थाहरूको कार्यक्षेत्र र योगदानको जानकारी • सांस्कृतिक विचलन र भित्रिदो पश्चिममा संस्कृतिबाट सचेतीकरण गर्ने
पाठ्यक्रमको विस्तृतीकरण	सामाजिक विविधता (घरपरिवार, छिमेक/टोल/गाउँ/समुदायमा बसोबास गर्ने जातजाति, रहन सहन, भाषा, मेलापर्व जात्रा, जन्म, मृत्यु, विवाह....) लगायतका समाजिक संस्कार लोप हुदै गइरहेका पुराना (संस्कार, कला, नृत्य, गीत, मेला, पर्व, भतेर...) समाजमा मौलाउदै गएका सामाजिक विकृतिहरू र न्यूनीकरणका उपायहरू (छुवाछुत, विभेद, लागू पदार्थ दुर्व्यसनी, बालविवाह, लैंगिक तथा यौनिक हिंसा ...), सामजिक सघं सस्था (टोल विकास संस्था, आमा समूह, युवा क्लब ...) लगायतका विभिन्न स्वयम्सेवी र परोपकारी संस्था, पूर्वीय दर्शन र यसका असल पक्षहरूको अनुसरण।				
शिक्षण सिकाइ क्रियाकलाप विद्यार्थी मूल्याङ्कनका तौर तरिका	• मेला पर्व लगायतका अवसरहरूको अवलोकन भ्रमण • वृत्तचित्र (डकुमेन्ट्री...) अध्ययन • कुराकानी, छलफल र प्रश्नोत्तर • भूमिका निर्वाह • अभिनय • परियोजना कार्यहरू • अन्तरक्रिया			• परियोजना कार्य • अवलोकन • अभिभावकहरूको प्रतिक्रिया • मौखिक प्रश्नोत्तर • व्यवहार परिवर्तन • उपलब्धि परीक्षा (सिकाइका लागि मूल्याङ्कन)		

शिक्षकका लागि थप सन्दर्भ सामग्री		QR CODE SCAN सम्बन्धी जानकारी : QR CODE SCAN सम्बन्धी जानकारी : दायाँपट्टीको क्यूआर कोडलाई इन्टरनेट मोबाइलमा कनेक्ट गरी स्क्यान गर्नुहोस् । त्यसपछि प्राप्त जानकारीलाई आवश्यकताअनुसार शिक्षण सिकाइमा सन्दर्भ सामग्रीको रूपमा उपयोग गर्नुहोस् । (यस क्यूआर कोड स्क्यान गर्दा तपाईंले निम्न विवरणहरू सजिलै प्राप्त गर्न सक्नुहुनेछ।) (नगरको सामाजिक विविधता झल्किने फोटा भिडियो, विभिन्न दिवस समारोहको सन्देश, सामाजिक विकृति न्यूनीकरणका उपायहरू लगायतका विवरणहरू)				
४	मानव मूल्य र नागरिक सिप	• साथीभाइहरूसँग कक्षाकोठा विद्यालयमा मिलेर बस्ने, एकआपसमा सहयोग गर्ने, बानी विकास गर्ने • फरक किसिमले सक्षम विद्यालय तथा समुदायमा रहेका व्यक्तिहरूप्रति सहयोग गर्न उनीहरूलाई प्राथमिकता दिने (Personal Reponsibility)	• परिवार, समुदाय र विद्यालयमा अनुशासन आज्ञापालन र शिष्टचारका बानी व्यवहारको अभ्यास गर्ने • परिवार र समुदायका प्रचलन तथा मान्यताहरू लगायतका अन्य मान्यता र अभ्यास प्रति सकरात्मक रहने (Respect Diversity) क्षमता विकास गर्ने	• आफ्ना विचार मान्यता र अभ्यासहरूलाई सभ्य र शिष्ट रूपमा राख्ने, अरूको प्रतिक्रिया ध्यानपूर्वक सुन्ने, (सहनशील र खुलापन Tolerance and Openness) • फरक विचार र मान्यतालाई स्वीकार गर्ने बानी विकास	• आफ्नो कर्तव्य सामाजिक दायित्व र अधिकार बारे सचेतीकरण • असल नागरिक विकासका लागि व्यवहारिक सीप र कौशलको विकास गर्ने • इमान्दारिता, दया सद्भाव, विश्वास, सुन्दरता, परोपकार,निष्पक्षता बौद्धिकता, सहयोगीपन,	• सार्वजनिक सम्पत्ति र वस्तुहरूको संरक्षण गर्ने बानीको विकास • वातावरण प्रति सचेत र सजग हुदै लोकतन्त्रिक मूल्यहरूलाई आत्मिकरण र व्यवहारिक अभ्यास गर्ने जस्तै (सहभागिता, सहनशीलता, खुलापन, विविधताको

	बानीको विकास गर्ने जस्तै : पानी पिउदा, दिवा खाजा, कक्षाकोठा भित्र, बाहिर गाडि चढ्दा		• आफ्नो समुदाय भाषा संस्कृति राष्ट्रिय पहिचान प्रति सजग रही सम्मान र अपनत्व बोध गर्ने, घरपरिवारलाई पहिलो पाठशालाको रूपमा विकास गर्न, पारिवारिक व्यवहार संस्कार र जीवनशैली अनुकुलन र अभिभावक शिक्षा र सचेतीकरण	लगायतका मानवीय मूल्यको विकास र अभ्यास गर्ने	बोध र सम्मान, समाज, संस्कृति र राष्ट्रप्रेम, सामाजिक र नागरिक दायित्व, प्रविधिलाई व्यवस्थित गर्ने विश्वव्यापी चेतना...) • पूर्वीय दर्शनका अनुकरणीय पक्षहरूलाई आत्मसाथ गर्दै सकरात्मक सोच र बानी व्यवहारको विकास र अभ्यास गर्ने
पाठ्यक्रमको विस्तृतीकरण	मुख्य नागरिक सीपहरू सहनशील र खुलापन, विविधताको सम्मान र अन्तरसांस्कृतिक बुझाइ, लोकतान्त्रिक सहभागितामुलक र समतामुलक मूल्य, वातावरण प्रतिको सजगता र सम्मान, सामुदायिक राष्ट्रिय अपनत्व अनुभूति, सामाजिक एवम् नागरिक जिम्मेवारी, वैयक्तिक जिम्मेवारी, अनुशासन आज्ञापालन, शिष्टचार र सकरात्मक सोच विकास ।				

शिक्षण सिकाइ क्रियाकलाप विद्यार्थी मूल्याङ्कनका तौर तरिका		• कुराकानी, छलफल र प्रश्नोत्तर • भूमिका निर्वाह र अभिनय • परियोजना कार्यहरू • अन्तरक्रिया • प्रविधिको उपयोग • प्रदर्शन • समाजका आदर्श व्यक्तिहरूको जीवनी र आमन्त्रित कक्षाहरू प्रेरक भनाइ र कार्यहरूको प्रस्तुतीकरण		• परियोजना कार्य • अवलोकन • साथीहरूद्वारा मूल्याङ्कन • मौखिक प्रश्नोत्तर • व्यवहार परिवर्तन • उपलब्धी परीक्षा (सिकाइका लागि मूल्याङ्कन)	
शिक्षकका लागि थप सन्दर्भ सामग्री		QR CODE SCAN सम्बन्धी जानकारी : QR CODE SCAN सम्बन्धी जानकारी : दायाँपट्टीको क्यूआर कोडलाई इन्टरनेट मोबाइलमा कनेक्ट गरी स्क्यान गर्नुहोस् । त्यसपछि प्राप्त जानकारीलाई आवश्यकता अनुसार शिक्षण सिकाइमा सन्दर्भ सामग्रीको रूपमा उपयोग गर्नुहोस् । (यस क्यूआर कोड स्क्यान गर्दा तपाईंले निम्न विवरणहरू सजिलै प्राप्त गर्न सक्नुहुनेछ।) (मुख्य नागरिक सीप, नागरिक कर्तव्य र मानवीय मूल्य लगायतका विवरणहरू)			SCAN ME
५	**स्वस्थ्य पोषण र सरसफाई**	• व्यक्तिगत सरसफाइका कार्यहरू बानी पार्ने जस्तै : नङ	• शरीरको सरसफाइ लुगा कपडाको सरसफाइ	• स्वस्थ्य रहने तरिकाहरू • रोग (सर्ने प्रकारका महामारी	• स्वास्थ्यको लागि सरसफाइ व्यायाम विश्राम र खानपान	• वातावरणीय प्रदुषण र मौसम परिवर्तन

	काट्ने, कपाल कोर्ने र दाँत माज्ने ... • हाम्रो घरमा खाने खानेकुराका प्रकार हरूको जानकारी (गेडागुडी, अन्न, फलफूल र माछामासु) • विद्यालय दिवा खाजा (खाने बानी सरसफाइ	नियमित गरिने सरसफाइको बानीको विकास • हाम्रो नगरका स्वास्थ्य संस्थाहरू • हाम्रो गाउँघरमा पाइने पोसिला खानेकुराहरू: अन्नबाली, तरकारी, गेडागुडी, फलफुल, दुध, अण्डा र माछा मासु • जंकफूड र यसको असरका बारेमा जानकारी	निम्त्याउने किसिमका) • खोपको आवश्यकता र महत्व • हाम्रो नगरको मुख्य स्वास्थ्य संस्थाहरू र गरिने उपचारहरू • सफा ताजा सन्तुलित भोजन गर्ने बानी • स्वस्थ्यकर परिकार बनाउने तरिकाहरूको ज्ञान • हरेक बार खाना चारको बारेमा जानकारी	• मद्यपान धुम्रपानको असर र यसबाट बच्ने उपाय सँगै घरपरिवार सचेतीकरण • हाम्रो विद्यालयमा खाइने खाजाको परिकार • सार्वजनिक स्थलको सरसफाइ डष्टबिन उपयोग र फोहोरमैला व्यवस्थापन सम्बन्धी आधार भूत ज्ञान	• नसर्ने प्रकारका रोग र यसबाट बच्ने सामान्य उपायहरू • परम्परागत उपचार पद्धति (झारफुक जडीबुटी ..) सँगै स्वास्थ्य परीक्षण र आधुनिक चिकित्सा पद्धति बारेमा जानकारी • कुपोषण र यसबाट बच्ने उपायहरू • जंकफूड/मिसावट / रंग/अस्वस्थ खाजा र यसले मानव स्वास्थ्यमा पार्न सक्ने असरका बारेमा जानकारी • विद्यार्थीहरूको स्वास्थ्य अवस्था

						परीक्षण र परामर्श (विएमआइश्रवण दृश्य क्षमता होमोग्लोविन...)
पाठ्यक्रमको विस्तृतीकरण	व्यक्तिगत तथा सामाजिक सरसफाइ, स्वस्थ्कर दिवाखाजा, स्थानीय उत्पादन उपभोग, रोग, खोप, सन्तुलित भोजन, सुनौला हजार दिन, कुपोषण, जंकफूड र यसले मानव स्वास्थ्यमा पार्ने असर, परम्परागत र आधुनिक चिकित्सा पद्धति, विद्यार्थी स्वास्थ्य तथा परामर्श।					
शिक्षण सिकाइ क्रियाकलाप मूल्याङ्कनका तौर तरिका	• अवलोकन र व्यवहार परिवर्तन • अडियो भिडियो प्रस्तुतीकरण • स्वास्थ्य, पोषण र सरसफाइ सम्बन्धी पोष्टरहरू, वृत्तचित्र (डकुमेन्टी...) अध्ययन • अग्रजहरूसँगको कुराकानी, छलफलमा आधारित परियोजना कार्य • सचेतनामूलक दिवसहरूमा सहभागितामा आधारित कार्यहरू				• स्वमूल्यांकन • अभिभावकहरूसँगको प्रतिक्रिया • परियोजना कार्य • अवलोकन र व्यवहार परिवर्तन • मौखिक प्रश्नोत्तर • उपलब्धि परीक्षा (सिकाइका लागि मूल्याङ्कन)	
शिक्षकका लागि थप सन्दर्भ सामग्री	QR CODE SCAN सम्बन्धी जानकारी : QR CODE SCAN सम्बन्धी जानकारी : दायाँपट्टीको क्यूआर कोडलाई इन्टरनेट मोबाइलमा कनेक्ट गरी स्क्यान गर्नुहोस् । त्यसपछि प्राप्त जानकारीलाई आवश्यकता अनुसार शिक्षण सिकाइमा सन्दर्भ सामग्रीको रूपमा उपयोग गर्नुहोस् । (यस क्यूआर कोड स्क्यान गर्दा तपाईंले निम्न विवरणहरू सजिलै प्राप्त गर्न सक्नुहुनेछ।) (खोपतालिका, सन्तुलित भोजन, सुनौला हजार दिन, कुपोषणको जानकारी दिवा खाजा म्यानुअल लगायतका मुख्य मुख्य विवरणहरू)					SCAN ME

७	परम्परागत स्थानीय सीप कला तथा आधुनिक प्रविधि				
	• स्थानीय परम्परागत सीपहरूबाट निर्माण गरिएका वस्तुहरू चिन्न जस्तै : सुपो, डोको, डालो, नाम्लो, मकैको कुँडुलो, धन्सार र मलखाद्रो ... • स्थानीय परम्परागत प्रविधिहरूको पहिचान जस्तै : ढिकि जाँतो कोल घट्ट • हाम्रा स्थानीय स्तरमा उत्पादन हुने अन्न तथा नगदे बालीहरू चिन्न • आजकल घरमा प्रयोग हुने विद्युतीय सामग्रीहरू जस्तै : हिटर	• परम्परागत सिपबाट घर तथा समुदायमा निर्माण भएका सामाग्रीहरूको उपयोगिता बारे जानकारी • स्थानीय परम्परागत प्रविधिहरू (हलो, जुवा, खोक, डल्लेठो कुटो, कोदालो, ढिकी, जाँतो र पानीघट्ट ...) को उपयोगिता बारे जानकारी • हाम्रा स्थानीय स्तरमा उत्पादन हुने अन्न तथा नगदे बालीहरूको उपयोगिता बारे जानकारी	• स्थानीय सीपबाट निर्माण भएका वस्तुहरूको कच्चा पदार्थबारे जानकारी र त्यस्ता वस्तुहरूको संरक्षण गर्न • स्थानीय परम्परागत प्रविधिहरूको संरक्षण र संवर्धन रैथाने बाली र मौलिक खाद्य परिकारहरूको संरक्षण र उपयोग • हाम्रो घरमा प्रयोग गरिने सूचना प्रविधिको सामाग्रीहरू (चिठीपत्र	• परम्परागत स्थानीय सिपको संरक्षण प्रवर्धन प्रोत्साहन र बजारीकरणका उपायहरूको खोजी पर्यावरणमैत्री स्थानीय प्रविधिहरूको उपयोगको बारे सचेतीकरण • हाम्रा पुरुथ्यौली परम्परागत पेसा व्यवसायहरूको बारेमा जानकारी जस्तै : कृषि, पशुपालन, व्यापार, लघु उद्योग ... • सूचना प्रविधिले ल्याएका सकारात्मक पाटा	• परम्परागत स्थानीय सीपको संरक्षणका साथै आधुनिक प्रविधिसँगै जोड्ने उपायहरूको खोजी • स्थानीय परम्परागत प्रविधिहरूलाई आधुनिक प्रविधिसँग जोडी उत्पादन र प्रतिफललाई अभिवृद्धि बारे जानकारी हाम्रा पुरुथ्यौली परम्परागत पेसा व्यवसायहरूलाई व्यवसायिक र आधुनिकीकरण गर्दै आर्थिक रूपमा सबलीकरण तुल्याउने

			• घरमा प्रयोग हुने विद्युतीय सामग्री उपयोगिता र सावधानी बारे जानकारी	मोबाइल, टिभि Computer, Email, Internet Social Media को उपयोग बारे जानकारी	र भित्रीएका विकृतीहरू बारे सचेतीकरण	• सूचना तथा सञ्चार प्रविधिको उपयोग जस्तै : Email, Social Media, Website हेर्ने
पाठ्यक्रमको विस्तृतीकरण	स्थानीय परम्परागत सीपबाट निर्माण गरिएका वस्तुहरू जस्तैः सुपो, डोको, डालो, नाम्लो, मकैको कुँडुलो, धन्सार, मलखादो परम्परागत प्रविधि ढिकि, जाँतो, कोल, घट्ट घरमा प्रयोग हुने विद्युतीय सामाग्रीहरू देखि आधुनिक सूचना प्रविधि (मोबाइल, टिभि Computer, Email, Internet Social Media) बारे समेत जानकारी					
शिक्षण सिकाइ क्रियाकलाप मूल्याङ्कनका तौर तरिका	• अवलोकन भ्रमण • अडियो भिडियो प्रस्तुतीकरण • परम्परागत देखि आधुनिक प्रविधिसम्मका साधनहरूको वृत्तचित्र (डकुमेन्ट्री...) अध्ययन • अग्रजहरूसँगको अनुभव जीवनशैलीमा आधारित कुराकानी, छलफल, प्रश्नोत्तर • आधुनिक सूचना प्रविधिहरूको वेवसाइट उपयोग • काल्पनिक शक्ति विकास, लेखाइ र प्रर्दशन				• स्वमूल्याङ्कन परियोजना कार्य • अवलोकन • मौखिक प्रश्नोत्तर • उपलब्धि परीक्षा (सिकाइका लागि मूल्याङ्कन)	

	शिक्षकका लागि थप सन्दर्भ सामग्री	QR CODE SCAN सम्बन्धी जानकारी : QR CODE SCAN सम्बन्धी जानकारी : दायाँपट्टीको क्यूआर कोडलाई इन्टरनेट मोबाइलमा कनेक्ट गरी स्क्यान गर्नुहोस् । त्यसपछि प्राप्त जानकारीलाई आवश्यकता अनुसार शिक्षण सिकाइमा सन्दर्भ सामग्रीको रूपमा उपयोग गर्नुहोस् । (यस क्यूआर कोड स्क्यान गर्दा तपाईंले निम्न विवरणहरू सजिलै प्राप्त गर्न सक्नुहुनेछ ।) स्थानीय परम्परागत सीपहरूबाट निर्माण गरिएका वस्तु तथा परम्परागत प्रविधिहरूका फोटा डकुमेन्ट्री, आधुनिक प्रविधि र यसले निम्त्याएका चुनौति लगायतका विषयहरू)				
७	हाम्रा आर्थिक क्रियाकलापहरू	• हाम्रो गाउँघरमा उत्पादन हुने वस्तुहरू जस्तै : तरकारी, अन्न, दुध, फलफुलका बारेमा जानकारी	• घरपरिवारको मुख्य पेसा जस्तै कृषि पशुपालन व्यापार नोकरी साना उद्योगहरूका बारेमा जानकारी	• स्थानीय बजार हाटबजार र अन्य व्यापारिक केन्द्रको बारेमा जानकारी • हाम्रो अग्रजहरूको मुख्य आर्थिक गतिविधि र त्यो बेलाको वस्तु विनिमय र बजारको बारेमा जानकारी	• परिवारको आम्दानी र खर्च परिवारिक बजेट बारेमा जानकारी • बचत र यसको महत्त्वका बारेमा जानकारी • खुत्रुके, बालबचत, बचत, ऋण, समूह, सहकारी, वित्तीय संस्था तथा बैंकहरूको बारेमा ज्ञान	• हाम्रो नगरपालिकामा रहेका सहकारी वित्तीय संस्थाहरू र बैङ्क तथा तिनले प्रदान गर्ने सेवाको बारेका जानकारी • परम्परागतआर्थिक क्रियाकलाप र आधुनिक आर्थिक क्रियाकपलापको तुलना • पूर्वाधार विकास सञ्चार प्रविधि

						बैदेशिक रोजगार, प्राविधिक शिक्षा, लगायतका पक्षहरूको विकासले आर्थिक विकासमा पुऱ्याएको टेवा बारेमा ज्ञान • नगरपालिकाद्वारा आर्थिक विकास र समृद्धिका लागि चालिएका मुख्य योजना तथा कार्यक्रमहरू
पाठ्यक्रमको विस्तृतीकरण	स्थानीय उत्पादन, पेसा व्यवसाय, आर्थिक कारोवारका व्यापारिक केन्द्रहरू, पारिवारिक बजेट, बचतका उपकरणहरू र वित्तीय साक्षरता, सहकारी वित्तीय संस्थाहरू र बैंङ्क , आर्थिक विकास र समृद्धिका लागि चालिएका मुख्य योजनाहरू।					
शिक्षण सिकाइ क्रियाकलाप मूल्याङ्कनका तौर तरिका	• अवलोकन भ्रमण • ब्रोसर, बुलेटिनर सेवा वडापत्रहरूको अध्ययन • अडियो भिडियो प्रस्तुतीकरण • सफलताका कथाहरूको प्रस्तुतीकरण, वृत्तचित्र (डकुमेन्ट्री...) अध्ययन				• परियोजना कार्य • अवलोकन • मौखिक प्रश्नोत्तर • अभिभावकको प्रतिक्रिया • उपलब्धि परीक्षा (सिकाइका लागि मूल्याङ्कन)	

		• कुराकानी, छलफल र सामूहिक अभ्यास				
शिक्षकका लागि थप सन्दर्भ सामग्री		QR CODE SCAN सम्बन्धी जानकारी : QR CODE SCAN सम्बन्धी जानकारी : दायाँपट्टीको क्यूआर कोडलाई इन्टरनेट मोबाइलमा कनेक्ट गरी स्क्यान गर्नुहोस् । त्यसपछि प्राप्त जानकारीलाई आवश्यकता अनुसार शिक्षण सिकाइमा सन्दर्भ सामग्रीको रूपमा उपयोग गर्नुहोस् । (यस क्यूआर कोड स्क्यान गर्दा तपाईंले निम्न विवरणहरू सजिलै प्राप्त गर्न सक्नुहुनेछ ।) नगरपालिकाका स्थानीय उत्पादन पेसा, व्यवसायको जानकारी, मुख्य आर्थिक व्यापारिक केन्द्रहरूको परिचय, नगरमा अवस्थित वित्तिय संस्थाहरू र नगरका आर्थिक विकास र समृद्धिका लागि चालिएका मुख्य योजनाहरू लगायतका विवरणहरू)				
८	यातायात तथा भौतिक पूर्वाधार	• हाम्रो गाउँ/सहरलाई जोड्ने स्थानीय सडक सञ्जाल तथा त्यहाँ सञ्चालन भई रहेका यातायातका साधनहरूको बारेका जानकारी	• नगरक्षेत्रका मुख्य मुख्य सडकहरू, पुलपुलेसा, खानेपानी, सिँचाइ आयोजना, सार्वजनिक भवन, खेलमैदानहरू र अन्य नगर गौरवका आयोजनाहरूको अवस्थिति बारे जानकारी	• सार्वजनिक संरचना र पूर्वाधारको उपयोग सुरक्षा र संरक्षण बारे जानकारी जस्तै सार्वजनिक शौचालय खेलमैदान सडक • हाम्रो नगरबाट टाढाको दुरीमा चल्ने सवारी साधनहरू	• ट्राफिक चिन्हहरू • विद्युतीय सवारी साधनहरूको उपयोग • हाम्रो भौतिक पूर्वाधार तथा यातायातले पुऱ्याएको आर्थिक सामाजिक लाभको बारेमा जानकारी	• ट्राफिक नियम र यसको पालना • सवारी अनुशासन जस्तै (बालबालिकाहरूको गलत प्रयोग देखि सवारी चढ्दा आरक्षण सिट ज्येष्ठ नागरिक अपांगहरूलाई प्राथमिकता दिने लगायतका विषयहरू

						• दिगो विकास र पर्यावरण मैत्री विकासको अवधारणाको सामान्य जानकारी
पाठ्यक्रमको विस्तृतीकरण	स्थानीय सडक सञ्जाल, यातायातका साधनहरू, मुख्य भौतिक पूर्वाधार र विकास आयोजनाहरू, सार्वजनिक संरचना र पूर्वाधारको उपयोग सुरक्षामा नागरिकका दायित्व, ट्राफिक नियम, विद्युतीय सवारी साधनहरू, सवारी अनुशासन, दिगो विकास र पर्यावरणमैत्री विकास।					
शिक्षण सिकाइ क्रियाकलाप मूल्याङ्कनका तौर तरिका	• अवलोकन भ्रमण • नक्सा अध्ययन • अडियो भिडियो प्रस्तुतीकरण • नगर, वडाका पूर्वाधार सहितको वृत्तचित्र (डकुमेन्ट्री...) अध्ययन • कुराकानी,छलफल • ट्राफिक नियमको व्यवहारिक अभ्यास र कक्षा समेत			• परियोजना कार्य • अवलोकन • मौखिक प्रश्नोत्तर • उपलब्धि परीक्षा (सिकाइका लागि मूल्याङ्कन)		
शिक्षकका लागि थप सन्दर्भ सामग्री	QR CODE SCAN सम्बन्धी जानकारी : QR CODE SCAN सम्बन्धी जानकारी : दायाँपट्टीको क्यूआर कोडलाई इन्टरनेट मोबाइलमा कनेक्ट गरी स्क्यान गर्नुहोस् । त्यसपछि प्राप्त जानकारीलाई आवश्यकता अनुसार शिक्षण सिकाइमा सन्दर्भ सामग्रीको रूपमा उपयोग गर्नुहोस् । (यस क्यूआर कोड स्क्यान गर्दा तपाईंले निम्न विवरणहरू सजिलै प्राप्त गर्न सक्नुहुनेछ।) नगरका मुख्य मुख्य सडक सञ्जाल, सार्वजनिक संरचना र पूर्वाधारको फोटाडकुमेन्टी, ट्राफिक नियमका पोष्टरहरू लगायतका विवरणहरू)					

९	हाम्रो वरपरको वन जंगल/पहाड /खोलानाला/ मठमन्दिर/ कलासंस्कृतिका बारेमा सामान्य जानकारी अवलोकन भ्रमण	• नगरपालिकामा रहेका ऐतिहासिक सांस्कृतिक तथा पर्यटकीय स्थलहरूको जानकारी जस्तै : स्वर्गद्वारी....	• प्राकृतिक ऐतिहासिक तथा सांस्कृतिक सम्पदाको भौगोलिक अवस्थिति, त्यसको महत्व बोध • प्राकृतिक ऐतिहासिक सम्पदा	• प्राकृतिक ऐतिहासिक सम्पदाहरूको संरक्षण तथा जर्गेना गर्ने उपायहरूका बारेमा जानकारी • प्राकृतिक ऐतिहासिक तथा सांस्कृतिक सम्पदाले आर्थिक सामाजिक क्षेत्रमा पुऱ्याएको योगदानको जानकारी	• प्यूठान जिल्ला तथा आसपासमा भएका महत्त्वपूर्ण ऐतिहासिक सांस्कृतिक तथा पर्यटकीय सम्पदाहरूको जानकारी • मौलिक कला संस्कृतिको महत्त्व बोध र संरक्षण तथा अवलम्बन जस्तै : नृत्य गीत... • पर्यटकीय स्थलहरूको संरक्षण विकास प्रसार प्रचार र पर्यटन सर्किटको संभावना बारेमा जानकारी
	हाम्रा ऐतिहासिक सांस्कृतिक तथा पर्यटकीय सम्पदाहरू				

पाठ्यक्रमको विस्तृतीकरण		हाम्रो पर्यावरण र पर्यावरणीय सन्तुलन, ऐतिहासिक सांस्कृतिक सम्पदा र यिनको संरक्षण संवर्धन, नगर जिल्ला तथा प्रदेश स्तरका महत्त्वपूर्ण ऐतिहासिक सांस्कृतिक तथा पर्यटकीय सम्पदाहरू, पर्यटन विकास र मौलिक पहिचान, कला संस्कृति संरक्षण।				
शिक्षण सिकाइ क्रियाकलाप मूल्याङ्कनका तौर तरिका		• अवलोकन भ्रमण • नक्सा अध्ययन • अडियो भिडियो प्रस्तुतीकरण • नगर, वडाका वृत्तचित्र (डकुमेन्टी...) अध्ययन • अग्रजहरूसँगको कुराकानी, छलफलमा आधारित परियोजना कार्य		• परियोजना कार्य • अवलोकन • मौखिक प्रश्नोत्तर • कार्यसम्पादन र प्रदर्शन • उपलब्धि परीक्षा (सिकाइका लागि मूल्याङ्कन)		
शिक्षकका लागि थप सन्दर्भ सामग्री		QR CODE SCAN सम्बन्धी जानकारी : दायाँपट्टीको क्यूआर कोडलाई इन्टरनेट मोबाइलमा कनेक्ट गरी स्क्यान गर्नुहोस्। त्यसपछि प्राप्त जानकारीलाई आवश्यकता अनुसार शिक्षण सिकाइमा सन्दर्भ सामग्रीको रूपमा उपयोग गर्नुहोस्। (यस क्यूआर कोड स्क्यान गर्दा तपाईंले निम्न विवरणहरू सजिलै प्राप्त गर्न सक्नुहुनेछ।) पर्यावरण र पर्यावरणीय सन्तुलनको परिचय, नगरका ऐतिहासिक सांस्कृतिक सम्पदाहरूको, मौलिक पहिचान, कला संस्कृति झल्किने फोटा भिडियो लगायतका विवरणहरू)				
१०	हाम्रा शिक्षालयहरू	• आफूले अध्ययन गर्ने विद्यालयको बारेमा जानकारी	• वडाका छिमेकी विद्यालय अगुवा उच्च तहको विद्यालयहरूको बारेमा जानकारी	• पालिकाभित्र सञ्चालित विद्यालयहरू विद्यालयमा पालना गर्नुपर्ने आचारसंहिता र अनुशासनका बारेमा जानकारी	• विद्यालय व्यवस्थापन समिति, अभिभावक संघ, प्रधानाध्यापक, अन्य जिम्मेवारी वाडँफाड, मनिटर, हाउस डिभीजन, बालक्लब, स्काउट, युवा रेडक्रस	• विद्यालयमा पुस्तकालय शौचालय तथा खेल मैदान खाजा खाने स्थलको प्रयोग गर्ने सीपबारे जानकारी र अभ्यास

				लगायतका विद्यालयमा गठन हुने समितिहरूको बारेमा जानकारी र अभ्यास • नगरक्षेत्रका उच्च शैक्षिक संस्था कलेजहरू प्राविधिक शिक्षालयको अवस्थिति र सञ्चालित कार्यक्रम (विषय, परीक्षा ...) बारेमा जानकारी	• वडा तथा नगर का पुस्तकालय संग्रहालय सामुदायिक सिकाइ केन्द्रहरूको बारेमा जानकारी • शिक्षालयमा स्वास्थ्य केन्द्र विभिन्न गैरसरकारी संघसंस्थाहरूले पुऱ्याउने योगदान सहकार्यका बारेमा जानकारी • विद्यालयको विकासका लागि समुदाय र अभिभावकको संलग्नता र सहकार्य

						अभिवृद्धिका क्रियाकलापहरूको अभ्यास • वडा तथा नगर पालिकाबाट सञ्चालन हुने शिक्षा युवा तथा खेलकुदसम्बन्धी कार्यक्रमहरूको बारेमा जानकारी तथा अवलोकन अभ्यास
पाठ्यक्रमको विस्तृतीकरण	आफू अध्ययनरत विद्यालय तथा अन्य छिमेकी विद्यालयहरू, नगरका अन्य उच्च शैक्षिक संस्था तथा प्राविधिक शिक्षालयहरू, पुस्तकालय, सामुदायिक सिकाइ केन्द्र, विद्यालय सञ्चालन व्यवस्थापनको प्रबन्ध, विद्यालय तथा विद्यालय बाहिर विद्यार्थीहरूले पालना गर्नुपर्ने आचारसंहिता, विद्यालयको विकासका लागि समुदाय र अभिभावकको संलग्नता र सहकार्य, स्थानीय तहको शिक्षाको क्षेत्राधिकार र कार्यहरू।					
शिक्षण सिकाइ क्रियाकलाप मूल्याङ्कनका तौर तरिका	• अवलोकन भ्रमण • अडियो भिडियो प्रस्तुतीकरण • शिक्षण संस्थाका बुलेटिन, ब्रोसर, विज्ञापन र वृत्तचित्र (डकुमेन्ट्री...) अध्ययन • कुराकानी, छलफल र प्रश्नोत्तर • प्रदर्शन र आमन्त्रित कक्षाहरू			• परियोजना कार्य • अवलोकन • मौखिक प्रश्नोत्तर • कार्यसम्पादन र प्रदर्शन • उपलब्धि परीक्षा (सिकाइका लागि मूल्याङ्कन)		

शिक्षकका लागि थप सन्दर्भ सामग्री		QR CODE SCAN सम्बन्धी जानकारी : दायाँपट्टीको क्यूआर कोडलाई इन्टरनेट मोबाइलमा कनेक्ट गरी स्क्यान गर्नुहोस् । त्यसपछि प्राप्त जानकारीलाई आवश्यकता अनुसार शिक्षण सिकाइमा सन्दर्भ सामग्रीको रूपमा उपयोग गर्नुहोस् । (यस क्यूआर कोड स्क्यान गर्दा तपाईंले निम्न विवरणहरू सजिलै प्राप्त गर्न सक्नुहुनेछ ।) नगरपालिका अन्तर्गतका शैक्षिक संस्थाहरू र सञ्चालित कार्यक्रमको जानकारी, विद्यार्थीहरूका आचारसंहिता, विद्यालयको विकासमा समुदाय परिचालनका क्षेत्रहरू, वडा तथा नगरपालिकाको शिक्षा सम्बन्धी मुख्य मुख्य कार्यहरू लगायतका विवरणहरू)				
११	विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन	• चोटपटक, दुर्घटना र समुदायमा घटेका विपद् संवर्धन घटनाहरूको सामान्य जानकारी र अध्यन भ्रमण	• चोटपटक र दुर्घटना • घर समुदाय तथा विद्यालयमा घट्न सक्ने सम्भावित विपद्जन्य घटनाहरूबारे जानकारी जस्तै : हावाहुरी चट्टयाङ, पहिरो, आगलागी,	• चोटपटक र दुर्घटना बाट बच्ने उपायहरू • घर तथा समुदायमा घट्न सक्ने सम्भावित विपद् जन्य घटनाहरूबाट पुग्ने मानवीय र गैर मानवीय क्षतिका बारेमा जस्तै : हावाहुरी, असिना पानी, चट्टयाङ, करेन्ट लाग्नु, आगलागी,	• घर समुदाय तथा विद्यालयमा घट्न सक्ने संम्भावित विपद् जन्य घटनाहरू बाट जोगिने पूर्वसावधानी र विपद् जोखिम न्यूनीकरणका उपायहरू अवलम्बन जस्तै : हावाहुरी, चट्टयाङ, करेन्ट लाग्नु, पहिरो, अगलागी, सडक दुर्घटना,	• विपद्का घटना आइपरेमा तत्काल गर्ने क्रियाकलापका बारेमा जानकारी अभ्यास जस्तै नजिकको समुदाय, प्रहरीमा, वडा, पालिकामा खबर गर्ने, एम्बुलेन्स, स्वास्थ्य संस्थामा खबर गर्ने, प्रहरी रेडक्रस एम्बुलेन्स हटलाइनको जानकारी

		सडक दुर्घटना, भूकम्प लगायत	सडक दुर्घटना भूकम्प, कोभिड लगायत • विगतमा घटेका मुख्य मुख्य विपद्जन्य घटना तथा तीनबाट पुगेको क्षतिका बारेमा घटना अध्ययन जानकारी	भूकम्प लगायत विपद्को बेला अपनाउनु पर्ने सावधानीका बारेमा डिल सिमुलेसन नमूना अभ्यासहरू जस्तै विद्युत सट, आगलागी, चट्टयाङ र भूकम्प •	• विपद् र यसका कारण तथा असर बारे घरपरिवार समुदायमा समेत विद्यार्थीहरूबाट सचेतीकरण जस्तै झाडापखला लगायतका सरुवा रोगका महामारी खानेपानी शुद्धीकरण शौचालयको प्रयोग • विपद्का बेलामा सहयोग समन्वयका लागि विद्यार्थी परिचालन अभ्यास जस्तै स्काउट जुनियर रेडक्रस बालक्लब

						• विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा समुदाय र वडा र नगरपालिकाको भूमिका
पाठ्यक्रमको विस्तृतीकरण	चोटपटक, दुर्घटना देखी विपद्जन्य घटनाहरू बारे जानकारी (जस्तै : हावाहुरी, असिनापानी, चट्टयाङ, पहिरो, आगलागी, सडक दुर्घटना, भूकम्प, कोभिड ...) विपद्जन्य घटनाहरूबाट पुग्ने मानवीय र गैरमानवीय क्षति, विपद्पूर्व अपनाउनुपर्ने सावधानी, विपद्का बेलामा सहयोग समन्वय, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा विभिन्न सामुदायिक, सरकारी, गैरसरकारी संघ संस्थाहरूको भूमिका र सहयोग, आपतकालमा शिक्षा (Education in Emergency)।					
शिक्षण सिकाइ क्रियाकलाप मूल्याङ्कनका तौर तरिका	• विपद्जन्य घटनाहरूको अवलोकन भ्रमण • घटना अध्ययन र सस्मरण • विपद्जन्य घटनाहरूका अडियो भिडियो, पोष्टर, वृत्तचित्र (डकुमेन्ट....) अध्ययन • कुराकानी, छलफल र प्रश्नोत्तर • प्रयोगात्मक अभ्यास अभिनय, डिल, सिमुलेसनहरू		• परियोजना कार्य • अवलोकन • मौखिक प्रश्नोत्तर • व्यवहार परिवर्तन • उपलब्धि परीक्षा (सिकाइका लागि मूल्याङ्कन)			
शिक्षकका लागि थप सन्दर्भ सामग्री	QR CODE SCAN सम्बन्धी जानकारी : दायाँपट्टीको क्यूआर कोडलाई इन्टरनेट मोबाइलमा कनेक्ट गरी स्क्यान गर्नुहोस् । त्यसपछि प्राप्त जानकारीलाई आवश्यकता अनुसार शिक्षण सिकाइमा सन्दर्भ सामग्रीको रूपमा उपयोग गर्नुहोस् । (यस क्यूआर कोड स्क्यान गर्दा तपाईंले निम्न विवरणहरू सजिलै प्राप्त गर्न सक्नुहुनेछ ।) चोटपटक, दुर्घटना देखि विपद्जन्य घटनाहरूको जानकारी, स्थानीय स्तरमा घटेका विपद्जन्य घटनाहरूको फोटा भिडियो, विपद्जोखिम नक्सांकन र सावधानीका मुख्य मुख्य उपायहरू लगायतका विवरणहरू)					

१०. शिक्षण सिकाइ विधि तथा समय निर्धारण

एक शैक्षिक सत्रमा कक्षा १-३ मा ५ पाठ्यघण्टा (Credit Hour) वार्षिक १६० कार्यघण्टा र कक्षा ४-५ मा ४ पाठ्यघण्टा (Credit Hour) वार्षिक १२८ कार्यघण्टा शिक्षण सिकाइ सहजीकरण गर्नुपर्नेछ। यस मध्ये सैद्धान्तिक विषयको लागि ५० प्रतिशत कार्यघण्टा र प्रयोगात्मक तथा परियोजना कार्यको लागि ५० कार्यघण्टा शिक्षण सिकाइ सहजीकरण गर्नुपर्नेछ। स्थानीय विषय शिक्षणको माध्यम नेपाली भाषा नै हुने छ।

सिकाइ सहजीकरण प्रक्रियामा प्रस्तुत पाठ्यक्रम शिक्षण तथा सहजीकरणका लागि विद्यार्थी केन्द्रित प्रयोगात्मक र बालमैत्री शिक्षण पद्धतिलाई पूर्ण रूपमा लागु गर्नुपर्नेछ। सबै प्रकारका सिकाइ आवश्यकता र चाहना भएका (फरक शारीरिक क्षमता भएका असहाय, अशक्त, सिकाइ क्षमताका दृष्टिकोणले कमजोर, छात्रा, दलित, जनजाति आदि) विद्यार्थीहरूलाई समेट्ने गरी कक्षामा समावेशी शिक्षण पद्धतिको अवलम्बन गर्नुपर्नेछ। विद्यार्थीहरूलाई परियोजना कार्य क्षेत्र भ्रमण सम्पदाको प्रत्यक्ष अवलोकन गराई प्रतिवेदन प्रस्तुतीकरण र अभिलेखीकरण गर्न लगाउनु पर्नेछ। यसका लागि शिक्षकले आवश्यकतानुसार उत्प्रेरक, प्रवर्धक, सहजकर्ता र खोजकर्ता, अनुसन्धानकर्ता लगायतको भूमिका निर्वाह गर्नुपर्ने हुन्छ।

पाठ्क्रम सिकाइ सहजीकरण प्रक्रिया सञ्चालन गर्दा सूचना तथा सञ्चार प्रविधि (डिजिटल प्रविधि)को उच्चतम प्रयोग तथा उपयोग गर्नुपर्ने हुन्छ। शिक्षण सिकाइ सहजीकरण प्रक्रियामा शिक्षक भन्दा विद्यार्थी बढी सक्रिय हुने गरी गरेर सिक्ने अवसर (learning by doing) प्रदान गर्ने क्रियाकलापमा आधारित हुनुपर्छ। स्थानीय समुदायको अध्ययन, घटना अध्ययन, समुदायका व्यक्तिहरूबाट सहजीकरण लगायतका क्रियाकलापहरू समेत आवश्यकतानुसार गराउन सकिनेछ।

११. सिकाई सहजीकरण विधि तथा प्रक्रिया

अपेक्षित सक्षमता र सिकाइ उपलब्धि प्राप्तिका निम्ति उपयुक्त वातावरणको सिर्जना गरी शिक्षक विद्यार्थी र विषयवस्तु बीच सक्रिय अन्तरक्रिया गर्ने विधि वा प्रक्रिया सिकाइ सहजीकरण हो। यो एक प्रकारको शिक्षण कला हो। यसमा सिकाइ र बालमनोविज्ञानका निश्चित विधि तथा प्रक्रिया पनि अनुसरण गरिने भएकोले यो एक विज्ञान तथा सिद्धान्त पनि हो। सिकाइ सहजीकरण प्रक्रिया विद्यार्थी केन्द्रित सार्न्दभिक र सिकाइका निम्ति (learning and for learning) सहयोगी हुनुपर्छ। यो योजनाबद्ध र सिकाइ उपलब्धि उन्मुख वा प्रतिफल केन्द्रित हुनु पर्दछ। सहजीकरण प्रक्रिया विद्यार्थीलाई उत्प्रेरित गर्ने, सक्रिय बनाउने, रूचि जगाउने प्रकारको हुनुपर्दछ। यस प्रक्रियामा विद्यार्थी सक्रिय भई सिकाइ क्रियाकलापमा संग्लन हुने र आवश्यकता अनुसार अग्र पृष्ठपोषण(feedback & feedforward) प्राप्त गरी सिकाइमा सुधार गर्न सक्ने अवसर पनि हुनु पर्छ। यो प्रक्रिया सिकारु र सिकाइका विविधतालाई

सम्मान गर्ने र सबैलाई समावेश गर्ने समावेशी सिद्धान्तमा आधारित पनि हुनु पर्छ।

एउटै प्रकारको सिकाइ सहजीकरण विधि सधै र सबैतिर उपयुक्त हुन नसक्ने भएकाले एउटै विषयवस्तु सिकाइका लागि पनि विविध विधि अपनाउन सकिन्छ। त्यसैले शिक्षण विधि छनोट गर्दा सकभर विविधता कायम गर्नु पर्छ। सिकाइ सहजीकरणको विधि चयन गर्दा मुख्य रूपमा विद्यार्थीको पूर्व ज्ञान, रूचि, क्षमता, चाहना, उनीहरूको तहगत स्तर, विषय वस्तुको स्वरुप लगायत उपलब्ध हुनसक्ने स्रोतसाधन, वातावरणीय अवस्था, शिक्षकको रूचि तथा तयारी इत्यादिलाई विचार गर्नु पर्छ।

आधारभूत तह कक्षा १-५ को यो स्थानीय पाठ्यक्रम स्थानीय विषय वस्तु गाउँ/ठाउ, सहरी /वरिपरि बाटो/माटो भेषभुषा भाषा पेसा व्यवसाय समेटेर बनाईएको हुनाले केन्द्रीय पाठ्यक्रममा विभिन्न विषय वस्तुसँग अन्तर सम्बन्ध स्थापना गरी विद्यार्थीहरूलाई जिज्ञासु उत्प्रेरित खोजमा तथा अनुसन्धानमा तल्लिन बनाई सिर्जनशीलताको विकास गर्ने, सिकाइलाई व्यवहारमा प्रयोग गर्ने क्षमताको विकास गर्ने र आफ्ना सिकाइ अनुभवको विकास गरी संगठित ज्ञान हासिल गर्न सहयोग पुग्ने खालका सिकाइ क्रियाकलापमा जोड दिनुपर्छ। यसका लागि गरिने सिकाइ सहजीकरण प्रक्रियामा विद्यार्थी सक्रिय भई सिकाइ कार्यमा सरिक हुने र स्थानीय वातावरणीय परिवेशसँग अन्तरक्रिया गरेर सिक्न प्रोत्साहन गर्ने क्रियाकलापलाई प्राथमिकता दिनु पर्दछ। विद्यार्थीले कुनै सिकाइ क्रियाकलाप पुरा गरेपछि देखाउन वा अनुभव गर्न सकिने उपलब्धि प्राप्त हुने गरी सिकाइ प्रक्रिया र सिकाइ क्रियाकलाप सञ्चालन गर्नु पर्दछ।

सिकारुको सर्वाङ्गीण विकास गर्ने उद्देश्यबाट दुई वा दुई भन्दा बढी अन्तरसम्बन्धित विषय बीच सहसम्बन्ध स्थापित गर्दै सिकारुले हासिल गर्नु गर्ने सिकाइ उपलब्धि एवम् सक्षमतालाई केन्द्रमा राखी एकीकृत सिकाइ क्रियाकलाप सञ्चालन गर्नु पर्छ। सिकाइका क्रममा विद्यार्थीहरूको सिकाइ सक्रियतालाई विशेष ध्यान दिदै सैद्धान्तिक ज्ञान तथा सीपलाई व्यवहारिक जीवनसँग आबद्ध गर्नुपर्छ। सिकाइलाई बृहत् विषयवस्तुमा केन्द्रित गराउने उद्देश्यले दुई वा दुई भन्दा बढी विषय वस्तुहरूका सान्दर्भिक पक्षहरूलाई अर्थपूर्ण तरिकाले अन्तरसम्बन्धित गरी एकीकृत पाठ्यक्रम निर्माण गर्ने प्रयास भएकोले विभिन्न विषय क्षेत्रका सिकाइ सक्षमतालाई सरलबाट जतिलतिर (Simple to Complex) को क्रममा सिकारुले सो गतिमा सिक्न पाउने अवसर सिर्जना गरी सिकाइ व्यवस्थापन गर्नुपर्छ। विशिष्टिकृत विषय क्षेत्रहरूलाई पनि यथासम्भव अन्तरसम्बन्धित हुने गरी सिकारुको पूर्वज्ञान अनुभवसँग समेत स्थापित गरी सिकाइ प्रक्रिया सञ्चालन गर्नुपर्छ।

प्रारम्भिक कक्षाहरूमा विद्यार्थी केन्द्रित शिक्षण सिकाइ क्रियाकलापमा जोड दिई कक्षालाई जीवन्त बनाउन र विद्यार्थीलाई क्रियाशील बनाउन शिक्षकले सहजकर्ताको भूमिका निर्वाह गर्नु पर्नेछ। विद्यार्थी केन्द्रित सिकाइ क्रियाकलापबाट सिकाइ प्रभावकारी हुने, विषयवस्तुलाई अन्तरसम्बन्धित गर्न सहज हुने, बालबालिकाहरूले व्यवहार कुशल तथा जीवनोपयोगी सीप आर्जन गर्न सक्ने र उनीहरूको

प्रतिभा प्रस्फुटनमा सहज हुने भएकोले सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्दा विद्यार्थी केन्द्रित र बालमैत्री शिक्षण विधि अपनाउनु पर्छ।

१३. सिकाइ सहजीकरण प्रक्रियाका लागि केही मार्गदर्शन

कक्षा १-५ सम्मको सिकाइ सहजीकरण देहाय बमोजिम सञ्चालन गर्नु पर्नेछ।

- बालबालिकाको व्यक्तिगत भिन्नता र क्षमताका आधारमा स्वतन्त्र रूपले सिक्ने मौका प्रदान गर्ने किसिमले कक्षा सञ्चालन गर्नु पर्नेछ।
- विविधतालाई ध्यानमा राखेर बालबालिकाको सिकाइलाई प्रोत्साहन गर्नुपर्छ। खेल, गीत, कविता, कथाकथन, प्रदर्शन, श्रब्यदृश्य सामाग्रीको प्रदर्शन मार्फत सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्नेछ। यसका अतिरिक्त अवलोकन, समूह कार्य, परियोजना कार्य, छलफल जस्ता विधिहरूका माध्यमबाट बालबालिकाको सर्वाङ्गीण विकासमा जोड दिनु पर्छ।
- सिकाइ सहजीकरण प्रक्रिया सञ्चालन गर्दा विद्यार्थी केन्द्रित र बालमैत्री शिक्षण विधि अपनाई निरन्तर सिकाइमा जोड दिनुपर्छ।
- विद्यार्थीको सिकाइलाई केन्द्रविन्दु मानि सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्नुपर्नेछ। विद्यार्थीको सहभागितामा योजना निर्माण, परियोजना कार्य, क्षेत्र भ्रमण, समस्या समाधान, खोजमूलक अध्ययन, प्रवर्तनमुखी शिक्षण पद्धतिलाई सिकाइ सहजीकरण विधिको रूपमा कार्यान्वय गर्नु पर्छ।
- सिकाइ प्रक्रिया सैद्धान्तिक पक्ष भन्दा बढी गरेर सिक्ने अवसर प्राप्त गर्ने क्रियाकलापमा आधारित हुनुपर्नेछ। शिक्षकले सहजकर्ता, उत्प्रेरक, प्रवर्धक, र खोजकर्ताको रूपमा भूमिका निर्वाह गर्नु पर्नेछ।
- पठनपाठनमा सूचना तथा संचार प्रविधिलाई उपलब्ध साधन स्रोत र आवश्यकता अनुसार उपयोग गर्नु पर्नेछ।
- सबै प्रकारका सिकाइ चाहना र आवश्यकता भएका (अपाङ्गता, अशक्त, असहाय, कमजोर आदि) विद्यार्थीलाई समेट्ने गरी कक्षामा समावेशी सिकाइ सहजीकरण प्रक्रिया अपनाउनु पर्नेछ। भाषिक कठिननाइका कारण सिकाइमा बाधा नहुने सुनिश्चत गर्न यथासम्भव बालबालिकाको मातृभाषा, घरमा बोलिने भाषामा सञ्चार गरी सिकाइ क्रियाकलापमा सक्रिय सहभागी हुने वातावरण तयार गर्नु पर्नेछ।
- सिकाइ क्रियाकलापमा शिक्षक र सिकारु तथा सिकारु र सिकारु बिचको अन्तरक्रिया, समूह सिकाइ, सिकाइका लागि मूल्याङ्कन, शिक्षक शिक्षक सहकार्य, शिक्षक - समुदाय सहकार्य जस्ता सहकार्यलाई बढावा दिनुपर्नेछ।
- सिकाइ र दैनिक जीवनसँग विषयवस्तुको तालमेल, पूर्व अनुभवमा आधारित ज्ञान तथा सीप वीकास, व्यवहार कुशल सीप र सिकाइ बीचको सहसम्बन्ध हुने गरी जिवन्त अनुभवसँगको तादम्यता कायम गर्नु पर्नेछ।
- बालकेन्द्रित, सिकाइ केन्द्रित, अनुभव केन्द्रित, उद्देश्यमूलक र विविधतामा आधारित सिकाइ

सहजीकरण विधिको प्रयोग (परियोजना कार्य, घटना अध्ययन, खोज अनुसन्धानमा आधारित शिक्षण, सहपाठी सिकाइ आदि) गरी सक्रिय सिकाइ सहजीकरण विधिको प्रयोग गर्नु पर्नेछ।

- सिकाइ सहजीकरण क्रियाकलापमा सिकारुको सिकाइ अनुगमन, विद्यालय तथा परिवारमा सहज सिकाइ वातावरण विकास, पूर्वज्ञानमा आधारित विषयवस्तुको छनोट, समुदाय परिचालन जस्ता कार्यबाट विद्यालय समुदायको सम्बन्ध जोड्नु पर्नेछ।
- सिकारुको रूचि र सिकाइ गति एवम् सिकारुको सक्रिय सहभागितामा सिकाइ क्रियाकलाप चयन र कार्यान्वयन गर्दै स्वस्फूर्त सिकाइमा जोड दिनु पर्नेछ।
- शिक्षक विद्यालय तथा विद्यार्थीलाई सिकाइ सहजीकरण क्रियाकलाप चयन, सञ्चालन र मूल्याङ्कनमा आवश्यक सहयोग, निरन्तर पेसागत छलफल, सहकार्य र अनुभव आदान प्रदान गर्दै पाठ्यक्रमको मर्म अनुरुप कार्यन्वयनका लागि सहयोगमा प्राथमिकता दिनुपर्नेछ।
- सिकाइलाई दैनिक जीवन पद्धतिसँग आवद्धता गर्दै व्यवहार कुशल सीप हासिल गर्न सिकाइको खण्डिकरण हुन नदिइ एक विषय क्षेत्रको सिकाइले अर्को विषय क्षेत्रको सिकाइलाई सहयोग गर्ने गरी एकीकृत सिकाइमा जोड दिनुपर्नेछ।
- एकीकृत पाठ्यक्रमले सिकाइका लागि सरलबाट जटिलतिरको स्पष्ट मार्ग निर्देशन गर्छ। सरल विषय क्षेत्रबाट क्रमशःजटिल विषय क्षेत्रमा प्रवेश गर्दै जान मार्ग प्रशस्त गर्ने र सिकाइ सहजीकरण पनि विद्यार्थीको सिकाइ गति बमोजिम गर्न स्वगतिमा हुने सिकाइमा जोड दिनुपर्नेछ।

१४. सिकाइ सहजीकरण विधि तथा प्रक्रियाको छनोट गर्दा ध्यानदिनु पर्ने पक्षहरू

१. सक्षमता र सिकाइ उपलब्धिहरू
२. विषय वस्तुको स्वरुप
३. बालमनोविज्ञान
४. स्रोत साधनको उपलब्धता
५. विद्यालयको वातावरण र शिक्षण सिकाइ परिस्थिति
६. समय र विद्यार्थी संख्या
७. शिक्षकको योग्यता, क्षमता र रूचि

१५. विद्यार्थी केन्द्रित र क्रियाकलापमुखी सिकाइलाई सहयोग पुऱ्याउने सम्भाव्य केहि शिक्षण सिकाइ विधिहरू:

१. सिर्जनात्मक कार्य
२. खेल विधि
३. प्रयोगात्मक विधि

४. कथाकथन एवम् गीत
५. आगमन विधि
६. अभिनय/ भूमिका निर्वाह विधि
७. सहयोगात्मक कक्षा
८. छलफल
९. प्रश्नोत्तर
१०. अन्वेषण, अनुसन्धान तथा खोज विधि
११. समस्या समाधान विधि
१२. प्रविधियुक्त कक्षा
१३. निर्माणात्मक कक्षा
१४. क्षेत्र भ्रमण विधि
१५. प्रदर्शन विधि
१६. स्वध्ययन तथा छलफल
१७. अन्तरक्रिया
१८. उदाहरण र प्रयोग
१९. श्रव्यवाच्यका आधारमा सिकाइ सहजीकरण

१६. विद्यार्थी मूल्याङ्कन

आधारभूत तहको कक्षा १-३ मा औपचारिक प्रकृतिको आवधिक परीक्षा सञ्चालन गरी विद्यार्थीको सिकाइको मूल्याङ्कन अर्थात् निर्णयात्मक प्रयोजनको परम्परागत पद्धतिको मूल्याङ्कनले बालबालिकालाई सिकाइका लागि प्रोत्साहन गर्ने र सिकाइमा सहयोग गर्ने कार्यमा योगदान गर्न सक्दैन भन्ने कुरालाई आत्मसात गरिएको छ। यस सन्दर्भमा विद्यार्थी मूल्याङ्कनले उनीहरूलाई सिकाइका लागि प्रोत्साहन गर्नुका साथै सिकाइ सुधारका लागि मार्ग प्रशस्त गर्नु पर्दछ भन्ने दृष्टिकोणमा आधारित भई कक्षाकोठामा आधारित मूल्याङ्कनका प्रक्रिया रणनीति तथा साधानहरू प्रयोग गर्नु आवश्यक छ। कक्षाकोठामा आधारित मूल्याङ्कनका लागि विभिन्न किसिमका साधानहरू प्रयोग गरेर विद्यार्थीको सिकाइको निरन्तर लेखाजोखा गरी शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा अभ्यास गरी सिकाइ सुधारमा उपयोग गरिन्छ। कक्षा ४-५ मा मूल्याङ्कन पाठ्यक्रम प्रारुपमा तोकिए बमोजिम हुनेछ।

कक्षाकोठामा आधारित यस्तो मूल्याङ्कनको अभिलेखलाई सञ्चित गरी आवश्यकता अनुसार सिकाइको मूल्याङ्कनका रूपमा अर्थात् विद्यार्थीको सिकाइस्तर पहिचान गर्ने प्रयोजनमा पनि प्रयोग गर्न सकिने हुन्छ। यसरी निर्माणात्मक उद्देश्यले गरिने कक्षाकोठामा आधारित मूल्याङ्कनको अभिलेखलाई निर्णयात्मक प्रयोजनमा पनि प्रयोग गर्न सकिने भएकोले यस्तो मूल्याङ्कन पद्धतिलाई निरन्तर मूल्याङ्कन पद्धति

पनि भन्ने गरिन्छ। आधारभूत तहको कक्षा १-३ मा गरिने विद्यार्थी मूल्याङ्कनको मुख्य उद्देश्य सिकाइ सुधार गर्ने निर्माणात्मक हुने भए पनि आवश्यकता अनुसार यसको अभिलेख व्यवस्थित गरी समग्र सिकाइस्तर निर्धारण गर्ने प्रयोजनमा पनि प्रयोग गर्न सकिन्छ।

आधारभूत तह कक्षा १-३ को एकीकृत संरचनाको पाठ्यक्रम अनुसार चारवटा विषय क्षेत्र नेपाली, गणित, हाम्रो सेरोफेरो र अंग्रेजी भाषा विद्यार्थी मूल्याङ्कनका लागि प्रयोग गरिने विधि प्रक्रिया र साधन पहिचान गरी यस मार्गदर्शनमा अपेक्षित सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तर मूल्याङ्कन तथा सुधारात्मक सिकाइको अभिलेखीकरण गर्ने तरिका र अभिलेखन साधन समेत समावेश गरिएको छ। यसैका आधारमा यस स्थानीय पाठ्यक्रममा विद्यार्थीको आवश्यक मूल्याङ्कनका लागि आवश्यक साधन तथा प्रक्रियाको विकास गरी अभिलेखन गर्न सकिने छ।

१६. विद्यार्थी मूल्याङ्कनका सम्भाव्य तरिका तथा साधनहरू

क्र.स.	मूल्याङ्कनका तरिका	मूल्याङ्कनका साधन	कैफियत
१	कक्षा सहभागिता	अवलोकन, रुजुसूची, रुब्रिक्स , श्रेणी मापन, मौखिक प्रश्न, फारम, घटना वर्णन आदि	
२	प्रयोगात्मक कार्य	अवलोकन, रुजुसूची, रुब्रिक्स, श्रेणी मापन, मौखिक प्रश्न,	
३	मौखिक कार्य	प्रश्न, चित्र, पठनसामग्री, सन्दर्भ, घटना, श्रव्य तथा दृश्य सामाग्री	
४	लिखित कार्य	प्रश्न छोटा परीक्षा घटना सन्दर्भ, घटना, श्रव्य तथा दृश्य सामाग्री	
५	कार्य सम्पादन तथा प्रदर्शन	अवलोकन रुजुसूची श्रेणी मापन मौखिक प्रश्न	
६	सहपाठी मूल्याङ्कन	सहपाठी मूल्याङ्कन, अवलोकन, रुजुसूची	
७	स्वमूल्याङ्कन	रुजुसूची, श्रेणी मापन	
८	अविभावकको प्रतिक्रिया	अवलोकन फारम, रुजुसूची, श्रेणी मापन	
९	कुराकानी छलफल	रुजुसूची, अवलोकन, श्रेणी मापन	

माथि उल्लेखित मूल्याङ्कन तरिका तथा साधन मध्ये उपयुक्त तरिका तथा साधनको प्रयोग गरी प्रत्येक सिकाइ उपलब्धिमा विद्यार्थीको उपलब्धि परीक्षण गरेर उपलब्धि स्तरलाई निम्न अनुसार रेटिङ गर्नुपर्दछ।

१७. विद्यार्थी उपलब्धि स्तर र त्यसको सामान्य व्याख्या

उपलब्धि स्तर	मापन	उपलब्धिस्तरको सामान्य व्याख्या
कमजोर (Below basic)	१	मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेको, सबैजसो सिकाइ उपलब्धिका लागि सुधारात्मक सिकाइ आवश्यक भएको
सामान्य (Basic)	२	मुख्य सिकाइ उपलब्धि आंशिक रूपमा हासिल गरेको तर सुधारात्मक सिकाइ आवश्यक भएको
राम्रो (Proficient)	३	मुख्य सिकाइ उपलब्धि धेरै जसो हासिल गरेको र सुधारात्मक सिकाइ आवश्यक भएको
उच्च (Advance)	४	मुख्य सिकाइ उपलब्धि हासिल भई माथिल्लोस्तरको उपलब्धि समेत हासिल गरेको

१८. विद्यार्थी मूल्याङ्कन

स्थानीय विषयको पाठ्यक्रमले अपेक्षा गरेका सक्षमता र सिकाइ उपलब्धि हासिल भए नभएको सुनिश्चित गर्न निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कन अवलम्बन गरिनेछ। निर्माणात्मक मूल्याङ्कनको मुख्य उद्देश्य निरन्तर मूल्याङ्कन र पृष्ठपोषणका माध्यमबाट विद्यार्थीको सिकाइमा सुधार गर्नु हो । सिकाइका लागि गरिने यस्तो निर्माणात्मक मूल्याङ्कन शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गको रूपमा रहनु पर्दछ। निर्माणात्मक मूल्याङ्कनमा विद्यार्थीको मूल्याङ्कनका लागि विभिन्न औपचारिक तथा अनौपचारिक तरिकाको प्रयोग गर्नु पर्दछ।

सिकाइका लागि विद्यार्थी मूल्याङ्कन गर्दा पाठ्यक्रमले निर्धारण गरेको सिकाइ उपलब्धि विद्यार्थीले हासिल गरे नगरेको लेखाजोखा गर्नु पर्दछ र सिकाइ उपलब्धि हासिल गरेको अवस्था अनुसार विद्यार्थीको सिकाइमा सहयोग गर्नु पर्दछ। विद्यार्थीको सिकाइस्तर मूल्याङ्कनका लागि विद्यार्थीको कार्य तथा समस्या समाधानको अवलोकन, मौखिक तथा लिखित प्रश्नोत्तर, कक्षा, एकाइ तथा त्रैमासिक परीक्षा, व्यवहार अवलोकन गर्न सकिन्छ । यसका लागि व्यवहार अवलोकन फारम, विभिन्न क्षमताका सिकाइ मापन गर्ने प्रश्नहरू व्यवहारिक समस्या लगायतका कक्षा सहभागिता, कक्षा कार्य, गृहकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य आदिमा विद्यार्थीको सहभागिता र उपलब्धिको विषयमा शिक्षकको अभिलेख आदि साधनहरू प्रयोग गर्न सकिन्छ। यस्तो मूल्याङ्कन विषयवस्तुको प्रत्येक क्षेत्र वा एकाइ अर्न्तगतका मुख्य सिकाइ उपलब्धिमा विभिन्न साधनहरूको प्रयोग गरी विद्यार्थीको सिकाइस्तर परीक्षण गर्न सकिन्छ। यसरी सिकाइ उपलब्धि परीक्षण गर्दा विद्यार्थीले न्यूनतम सिकाइस्तर हासिल नगरेको पाइएमा सुधारात्मक सिकाइको अवसर प्रदान गरी गर्नु पर्दछ। पटकपटकको सुधारात्मक सिकाइ पश्चात् पनि न्यूनतम सिकाइस्तर हासिल

गर्न नसक्ने विद्यार्थीका लागि उपचारात्मक सिकाइ योजना निर्माण गरी त्यस्ता विद्यार्थीहरूलाई सहयोग गर्नु पर्दछ।

स्थानीय पाठ्यक्रमले निर्धारित सिकाइ उपलब्धि हासिल भए नभएको लेखाजोखा गर्नको लागि आन्तरिक मूल्याङ्कन (निर्माणात्मक मूल्याङ्कन) र निर्णयात्मक मूल्याङ्कन प्रयोगमा जोड दिएको छ। यसको लागि आन्तरिक मूल्याङ्कनको ५० प्रतिशत र अन्तिम परीक्षाबाट बाँकी ५० प्रतिशत समावेश गरिनेछ। आन्तरिक मूल्याङ्कनको ५० प्रतिशत भारलाई समेत निर्णयात्मक मूल्याङ्कनमा समावेश गरी विद्यार्थीको समग्र मूल्याङ्कनलाई १०० प्रतिशतमा गर्नु पर्ने प्रावधान राखिएको छ।

(क) आन्तरिक मूल्याङ्कन

निर्माणात्मक मूल्याङ्कनको अङ्कको निश्चित भार आन्तरिक मूल्याङ्कनका रूपमा समावेश गरिने छ। यसका लागि निर्माणात्मक मूल्याङ्कनलाई अभिलेखीकरण गरी प्रत्येक विद्यार्थीको कार्य सञ्चयिका (Portfolio) व्यवस्थित गरि राख्नु पर्छ। यस्तो अभिलेखका आधारमा निम्न लिखित पक्षमा तोकिए अनुसारको भार अङ्क आन्तरिक मूल्याङ्कनको रूपमा समावेश गरिने छ।

सि.न.	मूल्याङ्कनका पक्ष	भार	कैफियत
१	सहभागिताः नियमितता र सिकाइ सहभागिता	४	सहभागिता अर्न्तगत हाजिरी, कक्षा कार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य, समूह कार्य लगायतका अन्य पक्ष रहने छन्।
२	प्रयोगात्मक परियोजना कार्य	३६	कक्षागत रूपमा प्रयोगात्मक र परियोजना कार्य सञ्चालनका लागि योजना निर्माण, सञ्चालन, अभिलेखीकरण प्रस्तुतीकरण, कार्यमा लगनशीलता, समूहकार्यमा संग्लनता सहयोगको आदान प्रदान, अर्न्तवार्ता लगायतका पक्षहरू समावेश गरी मूल्याङ्कन गर्नुपर्ने छ।
३	त्रैमासिक परीक्षा (पहिलो त्रैमासिक	१०	पहिलो त्रैमासिकको लागि ५ अंकभार र अर्धवार्षिक परीक्षाको लागि ५ अंकभार हुने छ।
जम्मा		५०	

(ख) अन्तिम मूल्याङ्कन

निर्णयात्मक मूल्याङ्कनमा अन्तिम परीक्षाको भार ५० प्रतिशत हुनेछ। प्रत्येक परीक्षामा प्रश्न सोध्दा शैक्षिक सत्रको सुरुदेखि पढाइ भएका सबै पाठहरूबाट समेटिएको हुनु पर्नेछ। यस विषयको परीक्षमा

विशेष गरेर ज्ञान र बोध, प्रयोग र उच्च दक्षतामा आधारित प्रश्नहरू हुनेछन् । पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि अनुरुप विद्यार्थीले ज्ञान सीप अभिवृद्धि प्राप्त गरे नगरेको मूल्याङ्कन गरी त्यसको आधारमा प्रमाणीकरण गरिन्छ । अन्तिम परीक्षाको प्रश्नपत्र निम्न लिखित विशिष्टिकरण तालिका अनुसार निर्माण गरी उपलब्धि परीक्षा लिनुपर्ने छ । यहाँ कक्षा ५ को विशिष्टीकरण तालिका बनाइएको छ । यसलाई आधार लिई स्थानीय विषयको अध्यापन गर्ने शिक्षकले कक्षा ४ को विशिष्टीकरण तालिका बनाई प्रयोग गर्न सक्नेछन् ।

विशिष्टीकरण तालिका

प्रश्न निर्माण गर्दा निम्न तहका प्रश्न, ज्ञान, बोध र प्रयोग तथा उच्च तहका प्रश्न (विश्लेषण मूल्याङ्कन र सिर्जना) सबै तहका प्रश्नहरू र सबै एकाइको पाठ्यघण्टालाई ध्यानमा राखेर प्रश्न बनाउनुपर्ने छ । बहुवैकल्पिक प्रश्न १ अंक, छोटो प्रश्न २ अंक र लामो प्रश्न ४ अंकका दरले सोध्नु पर्दछ ।

१९. पाठ्यक्रम परीक्षण तथा कार्यान्वयन योजना

कक्षा	शैक्षिक वर्ष र परीक्षण तथा कार्यान्वयन वर्ष			
	शैक्षिक वर्ष २०८१	शैक्षिक वर्ष २०८२	शैक्षिक वर्ष २०८२	शैक्षिक वर्ष२०८३
१	परीक्षण	कार्यान्वयन	कक्षा (५-८) को पाठ्यक्रम परीक्षण	कक्षा (१-८) को पाठ्यक्रम कार्यान्वयन
२	परीक्षण	कार्यान्यवन		
३	परीक्षण	कार्यान्वयन		
४	परीक्षण	कार्यान्यवन		
५	परीक्षण	कार्यान्वयन		

२०. पाठ्यक्रम सुधार, परिमार्जन र मूल्याङ्कन

पाठ्यक्रम एक गतिशील दस्तावेज तथा प्रक्रिया हो । विकास गरिएको पाठ्यक्रमको परीक्षण तथा कार्यान्वयन भएपछि प्राप्त हुने पृष्ठपोषणका आधारमा सुधार तथा परिमार्जन कार्य निरन्तर हुने गर्दछ । स्थानीय पाठ्क्रमको विकास स्थानीय स्तरमा रहेका सामाजिक मूल्य मान्यता, मातृभाषा, पेसा व्यवसाय, प्राकृतिक अवस्था तथा वर्तमान सन्दर्भलाई विश्लेषण गरेर सोही अनुरुप गरिएको छ । यस्ता सन्दर्भमा आएका परिवर्तनले स्वभाविक रूपमा पाठ्यक्रम परिमार्जनको आधार सिर्जना गर्दछन् ।

अनुसूचीहरु

क) पाठ्यक्रम निर्माण कार्यदलका सदस्यहरूको विवरण

ख) विषयक्षेत्र अन्तर्गतका संयोजकहरूको विवरण

विशिष्टीकरण तालिका प्रस्तावित मात्र

(१० वस्तुगत बहुवैकल्पिक ५ छोटा प्रश्न र २ लामा प्रश्न)

प्रश्न योजना तथा अङ्कभार वितरण																						
एकाइ	विधा र क्षेत्र	पाठ्य घण्टा	ज्ञान			बोध			प्रयोग			उच्च दक्षता			जम्मा प्रश्न संख्या			जम्मा अंकभार			जम्मा अंक
			बहु वैकल्पिक	छोटो	लामो	बहु वैकल्पिक	छोटो	लामो	बहु वैकल्पिक	छोटो	लामो	बहु वैकल्पिक	छोटो	लामो	बहु वैकल्पिक	छोटो	लामो	बहु वैकल्पिक	छोटो	लामो	
१	हाम्रो स्वर्गद्वारी नगरपालिका	१२																			
२	हाम्रो स्वर्गद्वारी	१५																			
३	हाम्रो समाज र संस्कृति	१५																			
४	मानव मूल्य र शिक्षा	१०																			
५	स्वास्थ्य पोषण र सरसफाई	१०																			
६	परम्परागत स्थानीय सीप र प्रविधि	१५																			
७	हाम्रा आर्थिक क्रियाकलापहरू	१५																			

८	हाम्रा ऐतिहासिक सांस्कृतिक र पर्यटकीय सम्पदाहरु	१०																			
९	यातायात तथा भौतिक पूर्वाधार	१४																			
१०	हाम्रा शिक्षालय	१०																			
११	विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन																				
जम्मा		१२८																			

नमूना प्रश्न र उत्तर कुन्जिका
स्वर्गद्वारी नगरपालिका

.....विद्यालय, प्यूठान

कक्षा - ५ विषय : स्थानीय विषय (हाम्रो स्वर्गद्वारी) पूर्णांक - ५०

उत्तीर्णांक -१७.५

खण्ड क (बहुवैकल्पिक प्रश्न १०×१=१०)

तल दिइएका बहुवैकल्पिक प्रश्नहरूको सहि विकल्पमा रेजा (○) चिन्ह लगाउनुहोस् ।

१) नगरपालिकाको प्रमुखलाई के भनिन्छ ?

क) मेयर ख) उपमेयर ग) प्रमुख प्रशासकीय अधिकृत घ) वडा अध्यक्ष

२) जन्मदर्ता गर्ने निकाय तलका मध्ये कुन हो ?

क) विद्यालय ख) नगरपालिका ग) वडा कार्यालय घ) स्वास्थ्य संस्था

३) नगरपालिकामा गठन हुने न्यायिक समितिको संयोजक को रहन्छ ?

क) मेयर ख) उपमेयर ग) प्रमुख प्रशासकीय अधिकृत घ) वडा अध्यक्ष

४) पवित्र स्थल स्वर्गद्वारीमा तलका मध्ये कुन कार्य गरिदैन ?

क) नित्यपूजा ख) अभिषेक ग) बलिदिने घ) हवनादि

५) तलका मध्ये सामाजिक विकृति कुन हो ?

क) छुवाछुत ख) बालविवाह ग) मादक पदार्थ सेवन घ) माथिका सबै

६) सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु हाम्रो .....हो ?

क) अधिकार ख) कर्तव्य ग) जिम्मेवारी घ) सामाजिक कार्य

७) हामीले..... सकेसम्म खानुहुदैन ?

क) फलफूल ख) माछामासु ग) सागपात घ) जंकफूड

८) सँगैको चित्रलाई .....भनिन्छ ?



क) हलो ख) पानीघट्ट

ग) कोल घ) ढिकि

९) सडकमा ट्राफिक चिन्ह रातो बत्ती बलिरहेको छ भने हामी के गर्नुपर्छ ?

क) बिस्तारै बाटो काट्ने ख) रोकिने ग) दौड्ने घ) जेब्रा क्रसिङ गर्ने

१०) आगलागीबाट जोगिन तलका मध्ये कुन उपाय अपनाउनुपर्ला ?

क) सलाइ लाइटर जस्ता वस्तुहरू केटाकेटीले नभेट्ने गरी राख्ने

ख) चुरोटका ठुटाहरू जथाभावी नफाल्ने

ग) खाना पकाइसकेपछि आगो निभाउने

घ) माथिका सबै

खण्ड ख (छोटो उत्तर दिने प्रश्नहरू ५×४=२०)

तलका प्रश्नहरूको छोटो उत्तर लेख । मौलिकता र सिर्जनशीलतालाई विशेष प्रोत्साहन दिइनेछ।

११) स्वर्गद्वारी नगरपालिकामा पर्ने कुनै ४ वटा धार्मिक एवम् पर्यटकीय स्थलहरूको सूची तयार गर्नुहोस् ?

१२) विद्यार्थीहरूले पालना गर्नुपर्ने आचरणहरू के-के हुन् ?

१३) वडा कार्यालयबाट प्रवाह हुने कुनै ४ वटा सेवाहरू लेख्नुहोस् ?

१४) इन्टरनेट र मोबाइल फोनको बढ्दो प्रयोगले हाम्रो समाजमा पारेका २ वटा राम्रा र २ वटा समस्याहरू उल्लेख गर्नुहोस् ?

१५) तपाईंको समुदाय वरपर घटेका कुनै ४ विपद्जन्य घटनाहरू लेख्नुहोस् ?

खण्ड ग (लामो उत्तर दिने प्रश्नहरू २×१० =२०)

तलका प्रश्नहरूको लामो उत्तर लेख । मौलिकता र सिर्जनशील उत्तरलाई विशेष प्रोत्साहन दिइनेछ।


१६) चित्र वर्णन



१७)यात्रा सस्मरण / घटना सस्मरण

तपाईंको सबैभन्दा खुसी र रमाइलो घटनालाई सम्झेर घटना सस्मरण तयार पार्नुहोस् ?

"समाप्त"



स्वर्गद्वारी मन्दिर





भु-वनोट सारी

स्वर्गद्वारी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

शिक्षा, युवा तथा खेलकुद शाखा

भिंजी, प्यूठान

लुम्बिनी प्रदेश, नेपाल